दैनिक
लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

रामो घडेरी बिक्रीमा

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरून्तै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर: ९८०१८२७९५०

वर्ष ३८ | अंक १४४ | बुटवल | २०८३ जेठ १० गते, आइतबार | नेपाल संवत ११४६ | Sunday May 24, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

लुम्बिनी र सुदूरपश्चिममा तातो हावाको लहर, तापक्रम ४० डिग्री बढी हुने

बुटवल । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका भूभागमा आगामी तीन दिन अत्यधिक गर्मी हुने र तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी पुग्न सक्ने पूर्वानुमान गर्दै सरकारले हिट वेभ अर्थात् तातो हावाको लहरको चेतावनी जारी गरेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले शनिबार एक विशेष सतर्कता सूचना जारी गर्दै ती क्षेत्रमा मध्यम स्तरको तातो लहरको सम्भावना रहेको जनाएको हो। जल तथा मौसम विज्ञान विभागको बुलेटिनलाई आधार मान्दै प्राधिकरणले शनिबारदेखि सोमबारसम्म दिउँसोको समयमा अत्यधिक गर्मी हुने बताएको छ।

अत्यधिक गर्मी र तातो हावाको लहरले मानव स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने भन्दै प्राधिकरणले ६ वटा जिल्लालाई उच्च सतर्कता अपनाउनुपर्ने सूचीमा राखेको छ।

प्राधिकरणका अनुसार, सतर्क रहनुपर्ने जिल्लाहरूमा दाङ, बाँके, बर्दिया, डोटी, कैलाली र कञ्चनपुर रहेका छन्। यसैगरी कपिलवस्तु, रुपन्देही, अर्घाखाँची, पाल्पा, प्युठान, रोल्पा, सल्यान, सुर्खेत, अछाम, डडेल्धुरा र बैतडीलाई अद्यावधिक (नियमित जानकारी लिनुपर्ने) जिल्लाको सूचीमा राखिएको छ।

प्राधिकरणका अनुसार अत्यधिक गर्मीका कारण थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने र बान्ता हुने जस्ता स्वास्थ्य समस्याहरू देखा पर्न सक्छन्।

प्राधिकरणका प्रवक्ता शान्ति महतद्वारा जारी सूचनामा तातो लहरबाट जोगिन सर्वसाधारणलाई उपायहरू अपनाउन अपिल गरिएको छ।

चर्को घाम लागेको बेला वा दिउँसो सकेसम्म घरभित्रै बस्ने, बाहिर निस्कनै परे छाता ओढ्ने वा पातलो कपडाले टाउको ढाक्ने सुझाव छ। यस्तै खुकुलो, शीतल हुने हल्का रङको कपडा लगाउने, प्रशस्त पानी पिउने र बेलाबेला चिसो पानीले नुहाउने, धेरै चिनी नहालेको सर्बत, कागती पानी र फलफूल खाने, धेरै पसिना आएमा जीवनजल पिउने सुझाव छ।

यस्तै सकेसम्म जंक फुड नखाने, घरमै बनाएको ताजा खानेकुरा खाने, खेतबारी वा बाहिरको काम बिहान गर्मी बढ्नुअघि वा दिउँसो शीतल भएपछि मात्रै गर्ने, बालबालिकालाई चर्को घाममा खेल्न नदिने, ज्येष्ठ नागरिक र मुटु, फोक्सो, मिर्गौलासम्बन्धी रोग भएकालाई गर्मीले छिटो असर गर्ने हुँदा विशेष ध्यान दिने र कुनै स्वास्थ्य समस्या देखिए तत्काल स्वास्थ्य चौकी वा अस्पताल जाने सुझाव छ।

यसका साथै प्राधिकरणले विपद् सम्बद्ध सबै निकायहरूलाई सम्भावित जोखिम न्यूनीकरण र प्रतिकार्यका लागि आवश्यक पूर्वतयारीका साथ तयारी अवस्थामा रहन समेत निर्देशन दिएको छ।

रविविरुद्ध मुद्दा फिर्ताबारे कांग्रेसले उठायो प्रश्न

बुटवल । नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले रास्वपा सभापति रवि लामिछाने जोडिएको मुद्दामा कास्की अदालतले दिएको आदेशप्रति गम्भीर प्रश्न उठाएका छन्। समान प्रकृतिका सहकारी ठगी तथा सम्पत्ति शुद्धीकरणका मुद्दामा अन्य आरोपितमाथि कडा अभियोजन हुँदा रवि लामिछाने, जीवी राईलगायतलाई अभियोग हटाएर छुट दिइनु असमान व्यवहार भएको उनको भनाइ छ। सरकारले जीवी राई र इच्छाराम तामाङविरुद्धका अभियोगमा के फरक छ भन्ने स्पष्ट पार्नुपर्ने माग गरेका छन्।

उनको भनाइ जस्ताको त्यस्तै-

यो एउटा व्यक्ति वा पार्टी लक्षित प्रश्न होइन। यो विधिको शासन, न्यायालयको स्वतन्त्रता र लोकतान्त्रिक प्रणालीको विश्वसनीयतामाथि उठेको प्रश्न हो। जब जबाफदेही अङ्गहरू स्वयं विवादास्पद निर्णयमा संलग्न हुन्छन् भने समान न्यायको रक्षा कसले गर्छ ?

क) चयनात्मक न्याय :

एउटै प्रकृतिको सहकारी ठगी र सम्पत्ति शुद्धीकरणको मुद्दामा अन्य मुद्दाका आरोपितहरूलाई कडा अभियोजन हुँदा रवि लामिछाने, जीवी राईलगायतलाई अभियोग हटाएर छुट दिइनु असमान व्यवहार मानिन्छ कि मानिँदैन ? सरकारले भनिदिनु पऱ्यो जीवी राई र इच्छाराम तामाङविरुद्धको अभियोगमा के फरक छ।

ख) कानुनी प्रश्न :

अपराधको प्रकृति समान हुँदा कानुनी व्यवहार किन फरक भयो ? देशको कानुन व्यक्ति वा व्यक्तिको शक्ति अनुसार लचिलो वा कठोर हुन्छ ? यदि रास्वपा सभापति (रवि लामिछाने) मुछिएको नभई अन्य कुनै सामान्य व्यक्तिले यही अपराध गरेको भए के हुन्थ्यो ? महान्यायाधिवक्ताको राय के हुन्थ्यो ?

ग) राजनीतिक प्रश्न :

महान्यायाधिवक्ताको निर्णय, अभियोग संशोधन र मिलापत्रमार्फत् मुद्दालाई राजनीतिक रूपमा व्यवस्थापन गर्नु न्यायिक स्वतन्त्रता हो कि सत्ताको प्रभाव ?

घ) लोकतान्त्रिक प्रणालीमा उठ्ने प्रश्न :

यो Rule of Law हो कि Rule by Power हो ? देशको सत्ता कानुन भन्दा माथि हुन्छ ? संविधान र अदालत प्रति जनविश्वास गुमेमा लोकतन्त्र मनपरीतन्त्रमा परिणत हुन्छ कि हुँदैन ?

ङ) अदालतको निर्णयमाथि जनताको चासो :

अपराधलाई भन्दा पीडितको रकम फिर्ता र मिलापत्रलाई आधार बनाइएको यो निर्णयले पीडितको रकम फिर्ताको सुनिश्चित आधार के लाई मानेको छ ? साथै यो निर्णयले असमान व्यवहारको मूल प्रश्नको जवाफ दिन्छ कि दिँदैन ?

च) नागरिक चासो र कर्तव्य :

नागरिकले न्यायिक निष्पक्षतामाथि प्रश्न उठाउनु, आलोचना गर्नु र जबाफदेहिता माग्नु आवश्यक हो कि होइन ? यसलाई राजनीतिक आस्था र दलीय संलग्नता भन्दा पृथक् रही स्वस्थ बहस गर्न आवश्यक छ कि छैन ?

» *बाँकी ३ पेजमा*

ओलीलाई अध्यक्षबाट बिदा लिन बहुमत पदाधिकारीको दबाब

एमाले लाखौं कार्यकर्ताहरूको त्याग, संघर्ष र बलिदानले जन्मेको पार्टी भएको स्मरण गराउँदै नेताहरूले पार्टीलाई व्यक्तिको पेवा वा गुटको कम्पनी नठान्न चेतावनी दिएका छन्।

लुम्बिनी संवाददाता

बुटवल

नेकपा एमालेका दुई तिहाई बढी पदाधिकारीहरुले अध्यक्ष केपी शर्मा ओलीलाई पार्टी नेतृत्वबाट बिदा लिन दबाब दिएका छन्। पार्टीको शनिबारको सचिवालय बैठकमा अध्यक्ष ओलीविरुद्ध महासचिव शंकर पोखरेलसहित थप पदाधिकारी खुलेका छन्। अहिलेसम्म बोलेका नेतामध्ये ओलीको बचाउमा उपाध्यक्ष बादल र सचिव महेश बस्नेतमात्र खुलेका छन्।

शनिबार बोलेका पदाधिकारीमध्ये बस्नेतबाहेक सबैले पार्टी यथास्थितिबाट नचल्ने भन्दै निकासका लागि मार्ग प्रशस्त गरेरै अघि बढ्नुपर्ने ओलीलाई सुझाएका छन्। महासचिव शंकर पोखरेलले पनि पार्टी कार्यकर्तालाई ऊर्जा दिन अध्यक्षलाई निकास दिनुस् भनेर आग्रह गरेको एक पदाधिकारीले बताए।

आज आइतबार बस्ने बैठकमा शेरधन राई, भानुभक्त ढकाल, राजन भट्टराई र खगराज अधिकारीले कुरा राख्ने ती पदाधिकारीले बताए। ती पदाधिकारीले भनेका छन् -'अधिकांशको भनाई अध्यक्षज्यूले मार्ग प्रशस्त गरेरै अघि बढ्नुपर्छ भन्ने छ। अहिलेसम्म बादल र महेश कमरेडमात्र उहाँसँग देखिनुभयो। अब बोल्न बाँकी ४ जनाको पनि करिबकरिब लाइन त्यस्तै बुझिन्छ।'

शुक्रबार पहिलो दिन कुरा राखेका ५ उपाध्यक्षमध्ये ४ जनाले अध्यक्ष ओलीले मार्ग प्रशस्त गरेर अघि बढ्नुपर्ने सुझाएका थिए। शनिबार बैठक सुरु हुनुअघि महासचिव शंकर पोखरेलले आफूनिकटका पदाधिकारीसँग छलफल गरेर आफ्नो लाइन दिएको स्रोतको भनाइ छ।

१९ सदस्यीय पदाधिकारीमा अहिलेसम्म बोलेका १४ जनामध्ये १२ जना ओलीले नेतृत्व छाडेर पार्टीलाई नयाँ ढंगबाट अघि बढाउनुपर्नेमा एकमत देखिएका छन्। गत मंसिरमा आफूले अघि सारेका पदाधिकारीहरू नै अहिले सरप्राइज दिने गरी बहिर्गमन दिएपछि ओली केन्द्रीय कमिटीमा बहुमत पुऱ्याउने रणनीतिमा देखिएका छन्। उनले शुक्रबार केन्द्रीय कमिटीमा छलफल गर्न सकिने बताएका थिए।

यसैबिच एमालेकी नेतृ अष्टलक्ष्मी शाक्यले पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई स-सम्मान अध्यक्ष पदबाट बिदा लिन आग्रह गरेकी छन्। शनिबार सामाजिक सञ्जाल फेसबुकमा एक स्टाटस लेख्दै नेतृ शाक्यले ओलीको दम्भ, घमण्ड र गुटगत सोंचका कारण पार्टी कमजोर स्थितिमा पुगेको भन्दै नेतृत्व पुस्तान्तरण गर्न जोडदार माग गरेकी हुन्।

अध्यक्ष ओलीले तीन कार्यकाल नेतृत्व गरिसकेको स्मरण गराउँदै उनले अब युवा पुस्तालाई विश्वास गरेर नेतृत्व हस्तान्तरण गर्नुपर्ने बताएकी छन्।

'सास रहुन्जेल एमाले पार्टीको अध्यक्ष भइराख्ने तपाईंको सोंच गलत छ,' शाक्यले ओलीलाई लक्षित गर्दै लेखेकी छन्-'कमरेडले यही बैठकबाट स-सम्मान अध्यक्ष पदबाट बिदा लिनु राम्रो हुन्छ। नेकपा एमाले पुनर्जीवित गर्न, अन्धकारमा डुब्न लागेको एमाले फेरि उठाउन सकिन्छ।'

निर्वाचनपश्चात् गौरवपूर्ण इतिहास बोकेको पार्टी कमजोर स्थितिमा पुगेको भन्दै उनले ओलीको कार्यशैलीप्रति कडा प्रहार गरेकी छन्। एमाले

लाखौं कार्यकर्ताहरूको त्याग, संघर्ष र बलिदानको रगतले जन्मेको पार्टी भएको स्मरण गराउँदै उनले यसलाई व्यक्तिको पेवा वा गुटको कम्पनी नठान्न चेतावनी दिएकी छन्।

नेतृ शाक्यले आजको एक्काइसौं शताब्दीमा पार्टी सञ्चालनका लागि विचार, सामूहिकता, संघर्ष र इमान आवश्यक पर्ने स्पष्ट पारेकी छन्। व्यक्तिको गुणगान र चाकरीमा समय खर्च गर्नुभन्दा देश र जनताको हितमा निस्वार्थ भावना राखेर काम गर्ने बेला आएको उनको भनाइ छ। कार्यकर्ताको भावना बुझेर ओलीले पार्टीलाई बन्धक बनाउन नहुने निष्कर्ष शाक्यको छ।

नेकपा एमालेका नेता ईश्वर पोखरेलले आत्मसमीक्षा र पुनर्गठनबाट मात्रै पार्टी अगाडि बढ्न सक्ने बताएका छन्। सामाजिक सञ्जाल फेसबुकमा लेख्दै नेता पोखरेलले आत्मसमीक्षा र पुनर्गठन रोक्न खोज्नुलाई अधोगति निम्त्याउनु रहेको बताएका छन्।

'यतिबेला नेकपा (एमाले) आत्मसमीक्षा र पुनर्गठनको बाटो बाट मात्र अगाडि बढ्न सक्छ ! जुनसुकै बहानामा यसलाई रोक्न खोज्नु अधोगति निम्त्याउनु हो।'- उनले भनेका छन्।

शुक्रबारदेखि सुरु भएको एमाले सचिवालय बैठकमा पनि नेताहरूले पार्टी पुनर्गठनको विषय उठाएका छन्।

अध्यक्ष ओलीले भने पार्टी नेतृत्व संकटमा परेको बेलामा पुनर्गठनको अभियान चलाएको भनेर ओलीले आक्रोश पोखेका थिए। त्यस्ता अभियान चलाउनेहरूलाई कारबाही गर्ने चेतावनी दिएपछि सचिवालयका अरू नेताहरूले प्रतिवाद गरेका थिए।

उपाध्यक्ष पृथ्वीसुब्बा गुरूङ र ओलीबिच त भनाभन नै भएको थियो। 'एमाले तपाईंले मात्रै बनाएको पार्टी हो ? एमाले तपाईंको प्राइभेट कम्पनी हो? यो पार्टीमा हाम्रो योगदान, भूमिका छैन, अरू साथीहरूको पनि छैन ? कसलाई दिनुभएको धम्की' भन्दै उपाध्यक्ष गुरूङले प्रतिवाद गरेका दिए।

ओलीको भनाइमा पहिलो वरीयताका उपाध्यक्ष रामबहादुर थापा 'बादल' ले मात्रै समर्थन गरेका थिए।

नेता पोखरेलले यो विषयमा सामाजिक सञ्जालमार्फत् आफ्नो भनाइ राखेको हुन्। उनी गत महाधिवेशनमा अध्यक्षमा केपी ओलीसँग प्रतिस्पर्धा गरेर पराजित भएका थिए। नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले पार्टी पुनर्गठनको पक्षमा बलियो अडान लिएका छन्।

» *बाँकी ३ पेजमा*

सम्झाउन नखोज्नू छाड्दिन : ओली

बुटवल । पार्टी सचिवालय बैठकमा अधिकांश नेताहरूबाट अध्यक्ष पदबाट राजीनामा दिन माग भएपछि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफू यसरी पछि नहट्ने बताएका छन्।

नेताहरूबाट निरन्तर पार्टी रूपान्तरण र राजीनामाको दबाब बढेपछि ओलीले आफू त्यस्तो मनस्थितिमा नरहेको जानकारी गराएका छन्। शनिबार बैठकमा ओलीले भनेको भनाइ उद्धृत गर्दै एक नेताले भने- 'मलाई यसरी सम्झाएर सक्नुहुन्न। म सम्झन्नँ। म यसरी छाड्दिनँ।'

सचिवालय बैठकमा नेताहरूले मार्गप्रशस्त गर्न आग्रह गरिरहँदा ओली भने केन्द्रीय कमिटीमा आफू बलियो भएको तर्क गर्न थालेका छन्। उनले यो विषयलाई केन्द्रीय कमिटी बैठकसम्म लगेर बाँकी निर्णय हुने बताएका छन्।

सिद्धबाबा सुरूङमार्ग आयोजनाको भौतिक प्रगति ६८ प्रतिशत

बुटवल । निर्माणाधीन सिद्धबाबा सुरुङमार्ग आयोजनाको भौतिक प्रगति ६८ प्रतिशत पुगेको छ। आयोजनाकाअनुसार हालसम्मको वित्तीय प्रगति भने ५८ प्रतिशत रहेको छ। पाँच वर्षको निर्माण अवधि (६० महिना) तोकिएको यस आयोजनामा डिजाइन, स्वीकृत र निर्माणको सम्पूर्ण जिम्मेवारी निर्माण व्यवसायीकै रहने गरी 'इन्जिनियरिङ प्रोक्युरमेन्ट एन्ड कन्स्ट्रक्सन' (ईपीसी) मोडलमा काम भइरहेको छ।

निर्माण सम्पन्न भएपछि आगामी पाँच वर्षसम्म सम्बन्धित ठेकेदार कम्पनीले नै यसको सञ्चालन, मर्मतसम्भार र सुरक्षाको जिम्मा लिने व्यवस्था गरिएको छ। त्यसपछिको थप पाँच वर्ष 'ल्याटेन्ट डिफेक्ट लायबिलिटी पिरियड' (डीएलपी)का रूपमा रहने आयोजनाले जनाएको छ। आयोजनाका प्रमुख राजेश पौडेलकाअनुसार आगामी सेप्टेम्बर महिनाभित्र सुरुङमार्गमार्फत यातायात सञ्चालनमा ल्याउने गरी काम तीव्र पारिएको छ।

आयोजनामा सुरुवाती चरणमा केही कानुनी र प्राविधिक जटिलता देखिएका थिए। नेपालमा ईपीसी मोडलको यो नयाँ अभ्यास भएकाले डकुमेण्टेसनमा समस्या, रुख कटानको अनुमतिमा ढिलाइ र बजेट व्यवस्थापनमा देखिएका कठिनाइले आयोजनाको गतिमा केही असर पुगेको थियो। यद्यपि, हाल यी समस्याहरू समाधानको क्रममा रहेको र म्याद थप (ईओटी) तथा माइलस्टोन समायोजनको प्रक्रिया अन्तिम चरणमा पुगेको पौडेलले जानकारी दिए।

सुरुङ मार्गसँगै एप्रोच सडक (मेन रोड १ र २) मा 'रिजिड पेभमेन्ट' गर्ने कार्यको समेत स्वीकृति प्राप्त भइसकेको छ। सुरुङभित्रबाट यातायात सञ्चालन भएपछि बाहिरको जोखिमयुक्त क्षेत्रमा 'रकसेड' र 'स्लोप प्रोटेक्शन' (भीर संरक्षण) का कामहरू गरिनेछन्। पैदल यात्रीका लागि रकसेडभित्रको बाटो प्रयोगमा ल्याइने र बाहिरी भागबाट खानेपानीको व्यवस्थापन गरिने योजना छ।

यो आयोजनाको सुरुवाती लागत अनुमान करिब १० अर्ब रुपैयाँ रहे पनि प्रतिस्पर्धात्मक ठेक्का प्रक्रियामार्फत् करिब ७ अर्ब रुपैयाँमा सम्झौता भएको हो। सिद्धार्थ राजमार्गको यो खण्ड अत्यन्तै जोखिमयुक्त रहेकाले यात्राको दूरी कोट्याउनुभन्दा पनि पहिरोजन्य जोखिमबाट जनधनको क्षति रोक्नु र सुरक्षित यात्रा सुनिश्चित गर्नु यस सुरुङमार्गको मुख्य उद्देश्य रहेको आयोजनाले स्पष्ट पारेको छ।

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

सम्पादकीय

लुबाट बचौं

केही दिनयता अत्यधिक गर्मीले तराईको जनजीवन उकुसमुकुस भएको छ । गर्मीसँगै तातो हावा लूले जनजीवन थप कष्टकर बन्ने देखिएको छ । अत्यधिक गर्मीसँगै तातो हावा चलेकोले दिउँसो र खुला ठाउँमा कामकाज गर्नेहरु झनै समस्यामा छन् । तातो हावाको असर गरिब र सीमान्तकृत समुदायलाई धेरै असर पर्ने भएकाले उनीहरूलाई लूबाट जोगाउने कार्यक्रम ल्याउनुपर्छ ।

चिकित्सकहरूका अनुसार, गर्मी मौसममा तातो हावा र बढ्दो तापक्रमका कारण लू लाग्दा स्वास्थ्य जोखिम निम्तिने खतरा बढी हुन्छ । यदि अचानक शरीरको तापक्रम बढ्यो वा धेरै टाउको दुख्यो भने सावधान हुन जरूरी हुन्छ । यी दुवै लक्षण देखिए लू लागेको बुझ्नुपर्छ । लूले मिर्गौला, दिमाग र मुटुमा धेरै प्रभाव पार्दछ । जसबाट यी अंगहरूको कार्य क्षमता प्रभावित हुन्छ । लू लागेपछि नाडी र श्वासप्रश्वासको गति तीव्र हुन्छ । छाला रातो हुनुलाई पनि लूको लक्षणका रुपमा लिने गरिन्छ । चिकित्सकहरु केही मानिसहरूमा लूका कारण छिटो छिटो पिसाब आउने, शरीर चिलाउने आदि लक्षणहरू देखा पर्ने बताउँछन् ।

जलवायु परिवर्तनले अत्याधिक गर्मीको जोखिम बढिरहेको छ। यसले जनजीवनमा पार्ने प्रभावबारे सरकारले राष्ट्रिय रणनीति बनाएर अगाडि बढ्नुपर्ने छ । लूबाट बच्नका लागि गर्मीसँग लड्ने राष्ट्रिय स्वास्थ्य रणनीति के हो ? अब सामान्य रुपमा लिनु हुँदैन । जाडो याममा जाडो भइहाल्छ । र गर्मीयाममा गर्मी भइहाल्छ नि भनेर हल्का रुपमा लिने हो भने कृषि उत्पादनदेखि नागरिकको स्वास्थ्यमा जोखिम बढ्छ । यो जोखिम सामना गर्ने रणनीति नहुँदा सरकारले गर्ने काम प्रभावकारी नहुन सक्छन् ।

गर्मीयाममा पहाडमा सामान्य रहने मौसम अहिले तातिरहेको छ । तराईमा औषतभन्दा वृद्धि भइरहेको छ । अत्याधिक तातो अवस्थामा कृषि उत्पादन, वनस्पति र मान्छेको स्वास्थ्यमा पार्ने असरबारे कार्ययोजना बनाएर बढ्न सक्दा मात्रै जोखिमको सामना गर्न सक्ने सामर्थ्य तयार हुन्छ ।

जलवायु परिर्वतनका समग्र असरबारे विश्लेषण गर्दै अघि बढ्नुपर्ने छ नै, लुको प्रभाव र जोखिमबाट बच्न सरकारी निकायले योजनाबद्ध कामको थालनी गर्न ढिलाइ गर्न हुन्न । लूलाई सामान्य ठान्नुभन्दा चर्को गर्मी र तातो हावा हरेक वर्ष लाग्ने भएकाले नागरिकको आवश्यकताअनुसारका संरचना बनाउने र नागरिकको जीवन जोगाउने दीर्घकालीन योजना र कार्यक्रम चलाउनुपर्छ । अर्कोतर्फ तत्काल गर्नुपर्ने काम अस्पतालमा शैया, औषधी, स्वच्छ खानेपानीलगायतको प्रबन्ध पनि उत्तिकै आवश्यक छ ।

समृद्ध नेपालको गम्भीर चुनौती

डा.देवीप्रसाद आचार्य

गरिबी शिक्षा वञ्चितताको प्रमुख कारणमध्ये एक हो । राष्ट्रियस्तरमा गरिबी घट्दै गए पनि आर्थिक असमानता कायम छ । कमजोर आर्थिक अवस्था भएका परिवारले बालबालिकालाई विद्यालय पठाउनुको सट्टा काममा लगाउने गर्छन् । विशेषगरी ग्रामीण क्षेत्रमा कृषि, घरेलु काम वा साना व्यवसायमा बालबालिकाको श्रम प्रयोग गरिन्छ । यसले उनीहरूको शिक्षामा प्रत्यक्ष असर पार्छ । नेपाल जीवनस्तर सर्वेक्षणले अझै ठूलो जनसंख्या गरिबीको रेखामुनि रहेको देखाएको छ, जसको प्रभाव शिक्षामा पनि परेको छ ।

'एउटा बालबालिका, एउटा शिक्षक, एउटा पुस्तक र एउटा कलमले संसार परिवर्तन गर्न सक्छ ।'

पाकिस्तानी शिक्षा अधिकार अभियन्ता तथा नोबेल शान्ति पुरस्कार विजेता मलला युसफजईको उल्लेखित भनाइले शिक्षाको शक्ति र महत्वलाई अत्यन्त सरल तर प्रभावशाली ढंगले व्याख्या गर्दछ । वास्तवमा शिक्षा अक्षर चिन्नुमात्र होइन, मानिसलाई सचेत, सभ्य, जिम्मेवार र आत्मनिर्भर बनाउने आधारशीला हो । शिक्षा यस्तो शक्ति हो, जसले व्यक्तिको मात्र होइन, समाज र राष्ट्रकै भविष्य परिवर्तन गर्न सक्छ । तर दुःखको कुरा के छ भने आज पनि हाम्रो समाजका हजारौं बालबालिका यस आधारभूत अधिकारबाट वञ्चित भइरहेको अवस्था छ । कुनै पनि बालबालिकाका हातमा कापी, किताब र कलम हुनु पर्ने हो । विद्यालयको प्रार्थना, कक्षाकोठाको सिकाइ र खेलमैदानको रमाइलोमा रमाउनुपर्ने उमेरका बालबालिका आज जीवनको कठोर यथार्थसँग संघर्ष गरिरहेका छन् । कोही होटलमा भाँडा माझिरहेका छन्, कोही निर्माण क्षेत्रमा भारी बोकेर पसिना बगाइरहेका छन्, कोही गाडी मर्मत पसलमा काम गरिरहेका छन् भने कतिपय घरेलु कामदारका रूपमा दिन बिताइरहेका छन् ।

अझ कतिपय बालबालिका विदेशी भूमिमा समेत बालमजदुर बन्न बाध्य भएका समाचार बेलाबेला सार्वजनिक भइरहेका छन् । यस्तो अवस्थालाई गरिबीको चित्रमात्र मान्न सकिन्न, यो त राज्यको कमजोर सामाजिक न्याय र अवसर वितरणको परिणाम पनि हो । शिक्षा मानिसको जीवनलाई अन्धकारबाट उज्यालोतर्फ डोऱ्याउने दीपक हो । शिक्षाले मानिसलाई सही र गलत छुट्याउन सिकाउँछ । शिक्षित व्यक्तिमा आत्मविश्वास, चेतना, नैतिकता, विवेक र सिर्जनशीलता विकसित भएका हुन्छन् । शिक्षित समाज नै सभ्य समाज हो । जहाँ शिक्षा कमजोर हुन्छ, त्यहाँ गरिबी, बेरोजगारी, अन्धविश्वास, हिंसा र विभेद बलियो बन्दै जान्छ । त्यसैले कुनै पनि राष्ट्रको दीर्घकालीन समृद्धिको आधार नै शिक्षा हो ।

नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक अधिकारका रूपमा स्थापित गरेको छ । साथै, युनेस्को तथा युनिसेफलगायत अन्तर्राष्ट्रिय संस्थाले पनि प्रत्येक बालबालिकाले गुणस्तरीय शिक्षा पाउनुपर्ने विषयमा जोड दिँदै आएका छन् । नेपाल सरकारले पनि निःशुल्क तथा अनिवार्य शिक्षा, छात्रवृत्ति, दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक वितरण, छात्रा प्रोत्साहन कार्यक्रमजस्ता योजना सञ्चालन गरिरहेको छ । तर, यति हुँदाहुँदै पनि अझै धेरै बालबालिका विद्यालय बाहिरै छन् । यसबाट पनि नीति र व्यवहारबीच ठूलो दूरी रहेको स्पष्ट हुन्छ ।

नेपालमा शिक्षाको इतिहास हेर्ने हो भने विगत केही दशकमा उल्लेखनीय प्रगति भएको पाइन्छ । २००७ सालअघि देशमा अत्यन्त न्यून विद्यालय थिए । उच्च शिक्षाका लागि काठमाडौं घण्टाघरस्थित त्रिचन्द्र बहुमुखी क्याम्पसमात्र उपलब्ध थियो । आज भने देशभर हजारौं विद्यालय र विश्वविद्यालय सञ्चालनमा छन् । साक्षरता दर पनि उल्लेखनीयरूपमा बढेको छ । यद्यपि, विद्यालय संख्या बढ्दैमा शिक्षा सर्वसुलभ भएको मान्न सकिँदैन । अझै पनि दुर्गम गाउँका धेरै बालबालिका विद्यालय पुग्न घण्टौं हिँड्न बाध्य छन् । कतिपय विद्यालयमा शिक्षक अभाव छ, कतै भवन छैन, कतै गुणस्तरीय शिक्षणको समस्या छ ।

समाजमा अझै पनि चेतना अभाव, बालविवाह, लैंगिक विभेद, अशिक्षा, घरेलु हिंसा तथा सामाजिक कुसंस्कार विद्यमान छन् । विशेषगरी, ग्रामीण क्षेत्रमा बालबालिका बढी प्रभावित हुने गरेका छन् । घरायसी कामको बोझ, कम उमेरमै विवाह तथा परिवारको विभेदपूर्ण सोंचका कारण धेरै बालिकाले माध्यमिक तहसम्म पुग्नै पाउँदैनन् । शिक्षामा लैंगिक समानता स्थापित नगरी समतामूलक समाज निर्माण सम्भव हुँदैन ।

अर्कोतर्फ, विद्यालयमा भर्ना भएका सबै विद्यार्थीले गुणस्तरीय शिक्षा पाएका छन् भन्ने पनि छैन । कतिपय विद्यालयमा नियमित शिक्षक हुँदैनन् । कतिपय स्थानमा विद्यार्थी संख्या धेरै भए पनि भौतिक पूर्वाधार कमजोर छ । सूचना प्रविधि युगमा पनि धेरै विद्यालयमा कम्प्युटर, इन्टरनेट तथा आधुनिक सिकाइ सामग्री अभाव छ । शिक्षाको गुणस्तर कमजोर हुँदा विद्यार्थीमा सिकाइप्रति रुचि घट्दै जान्छ । प्रमाणपत्र दिने शिक्षा प्रणालीले समाजलाई दक्ष जनशक्ति दिन सक्दैन । आज विश्व कृत्रिम बुद्धिमत्ता, विज्ञान र डिजिटल प्रविधि युगमा प्रवेश गरिरहेको छ । विकसित देश अनुसन्धान, नवप्रवर्तन र सीपमा आधारित शिक्षाकेन्द्रित छन् । तर, नेपाली समाजका हजारौं बालबालिका अझै प्राथमिक शिक्षासमेत पूरा गर्न नपाई श्रम बजारमा हराइरहेका छन् । यस्तो अवस्थामा 'नेपालले कसरी विश्वसँग प्रतिस्पर्धा गर्न सक्छ ? अशिक्षित र अर्धशिक्षित जनशक्तिले आधुनिक राष्ट्र निर्माण गर्न सक्छ त ?' यी प्रश्नमाथि गम्भीररूपमा सोच्नुपर्ने बेला आएको छ ।

नेपाल सरकारले प्रत्येक वर्ष विद्यार्थी भर्ना अभियान सञ्चालन गर्दै आएको छ । तर, भर्ना अभियान औपचारिक कार्यक्रम बन्न थालेको आलोचना पनि हुने गरेको छ । विद्यालयमा नाम लेखाउँदैमा समस्या समाधान हुँदैन । विद्यार्थी विद्यालयमा टिक्न सक्ने वातावरण निर्माण गर्नु अझ महत्वपूर्ण विषय हो । गरिब तथा विपन्न परिवारलाई आर्थिक सहयोग, छात्रवृत्ति, निःशुल्क स्वास्थ्य सेवा, पोषण कार्यक्रम तथा आयआर्जनसँग जोडिएका सहायताले मात्र बालबालिकालाई विद्यालयमा टिकाउन सकिन्छ ।

स्थानीय सरकारको भूमिका पनि यहाँ अत्यन्त महत्वपूर्ण हुन्छ । देशभर रहेका ७ सय ५३ स्थानीय तहले आफ्ना क्षेत्रमा विद्यालयबाहिर रहेका बालबालिकाको वास्तविक अवस्था पहिचान गर्नुपर्छ । 'कुन घरका बालबालिका किन विद्यालय जान सकेका छैनन् ?' भन्ने विषयमा तथ्यगत अध्ययन हुनुपर्छ । नीति बनाएरमात्र हुँदैन, घरदैलोमा पुगेर समस्या समाधान गर्ने कार्यशैली आवश्यक छ । गाउँगाउँमा सिंहदरबार पुगेको भनिए पनि त्यो अनुभूति जनताले गर्न सक्नुपर्छ । प्रसिद्ध दार्शनिक एबितयले भनेका छन्, 'सामूहिक हित नै न्याय हो ।' लोकतान्त्रिक राज्यको दायित्व समाजका सबै वर्गलाई समान अवसर उपलब्ध गराउनु हो । शिक्षा त्यही अवसरको सबैभन्दा महत्वपूर्ण आधार पनि हो । यदि कुनै बालबालिका गरिबीका कारण विद्यालय जान सक्दैन भने त्यो परिवारको समस्यामात्रै हुँदैन, त्यसलाई राज्य र समाज दुवैको असफलता हो ।

पूर्वसंयुक्त राष्ट्रसंघीय महासचिव कोफा अन्नानले भनेका छन्- 'ज्ञान शक्ति हो, सूचना मुक्तिको माध्यम हो र शिक्षा प्रगतिको आधार हो ।' वास्तवमै शिक्षाबिना विकास सम्भव छैन । सडक, भवन र भौतिक संरचना निर्माण गरेरमात्र देश समृद्ध हुँदैन । समृद्ध राष्ट्र निर्माणका लागि शिक्षित, दक्ष, नैतिक र जिम्मेवार नागरिक आवश्यक पर्छ ।

आजको युगमा शिक्षाबाट कुनै पनि बालबालिका वञ्चित हुनु भनेको राष्ट्रको भविष्य कमजोर बन्नु हो । बालबालिकाका हातमा श्रमको भारी होइन, ज्ञानको उज्यालो हुनुपर्छ । उनीहरूको आँखामा निराशा होइन, सपना हुनुपर्छ । त्यसैले अब राज्य, अभिभावक, विद्यालय, शिक्षक, नागरिक समाज, निजी क्षेत्र तथा सम्पूर्ण सरोकारवाला मिलेर शिक्षालाई वास्तविकरूपमा सर्वसुलभ र गुणस्तरीय बनाउन गम्भीर पहल गर्न आवश्यक छ । शिक्षाबाट वञ्चित बालबालिकालाई दया होइन, अवसर दिनुपर्छ । उनीहरूलाई सहानुभूति होइन, अधिकार सुनिश्चित गर्नुपर्छ । हुनेखानेका लागिमात्र होइन, हुँदा खाने, सिमान्तकृत, दलित, जनजाति, सुकुम्वासी, फरक क्षमता भएका तथा सामाजिकरूपमा पछाडि पारिएका सबै बालबालिकालाई समानरूपमा शिक्षाको पहुँचमा ल्याउन सकिएमात्र समतामूलक र समृद्ध नेपाल निर्माण सम्भव हुनेछ । शिक्षित पुस्ता नै राष्ट्रको बलियो भविष्य भएकाले अब कुनै पनि बालबालिका अभाव, गरिबी र विभेदका कारण विद्यालय बाहिर बस्न नपरोस् भन्ने दिशामा सम्पूर्ण राष्ट्र एकजुट भएर अघि बढ्न आवश्यक छ ।

नेपालले पछिल्ला दुई दशकमा विद्यालय शिक्षामा उल्लेखनीय प्रगति गरे पनि अझै केही बालबालिका प्राथमिक शिक्षाबाट वञ्चित छन् । विभिन्न अन्तर्राष्ट्रिय तथ्यांकअनुसार नेपालमा प्राथमिक विद्यालय उमेर समूहका करिब ३ देखि ५ प्रतिशत बालबालिका अझै विद्यालयबाहिर छन् । युनेस्को र विश्व बैंकका शिक्षा सूचकले नेपालमा प्राथमिक विद्यालय जाने उमेरका विद्यालयबाहिर रहेका बालबालिकाको दर कम हुँदै गएको जनाएका छन् । यसको अर्थ नेपालमा विद्यालय पहुँच धेरै विस्तार भए पनि सबै बालबालिकाले समानरूपमा शिक्षा पाएका छैनन् । अझै पनि दुर्गम भौगोलिक क्षेत्र, गरिबी, बालविवाह, बालश्रम, अपांगता, लैंगिक विभेद तथा सामाजिक असमानताका कारण हजारौं बालबालिका विद्यालयबाहिर छन् ।

नेपालको संविधानले आधारभूत शिक्षा प्रत्येक नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । सरकारले 'सबैका लागि शिक्षा' नीति अघि सारेको छ । विशेषगरी प्राथमिक तहमा विद्यालय भर्नादर बढेको छ । तर 'भर्ना हुनु' र 'निरन्तर पढिरहनु' फरक कुरा हुन् । धेरै बालबालिका विद्यालयमा नाम लेखाए पनि बिचमै पढाइ छोड्ने समस्या अझै गम्भीर छ । विशेषगरी कर्णाली, मधेश तथा हिमाली क्षेत्रका केही जिल्लामा विद्यालय पहुँच चुनौतीपूर्ण छ । दुर्गम गाउँमा विद्यालय टाढा हुनु, यातायात अभाव, शिक्षक कमी तथा कमजोर शैक्षिक पूर्वाधारले गर्दा बालबालिकाको नियमित उपस्थितिमा असर पर्छ । कतिपय ठाउँमा बालबालिका विद्यालय पुग्न दैनिक घण्टौं हिँड्नुपर्ने बाध्यता विद्यमान छ ।

गरिबी शिक्षा वञ्चितताको प्रमुख कारणमध्ये एक हो । राष्ट्रियस्तरमा गरिबी घट्दै गए पनि आर्थिक असमानता कायम छ । कमजोर आर्थिक अवस्था भएका परिवारले बालबालिकालाई विद्यालय पठाउनुको सट्टा काममा लगाउने गर्छन् । विशेषगरी ग्रामीण क्षेत्रमा कृषि, घरेलु काम वा साना व्यवसायमा बालबालिकाको श्रम प्रयोग गरिन्छ । यसले उनीहरूको शिक्षामा प्रत्यक्ष असर पार्छ । नेपाल जीवनस्तर सर्वेक्षणले अझै ठूलो जनसंख्या गरिबीको रेखामुनि रहेको देखाएको छ, जसको प्रभाव शिक्षामा पनि परेको छ । त्यस्तै, बालविवाह अर्को गम्भीर समस्या हो । नेपालमा किशोरी उमेरका विद्यालय छोड्न बाध्य हुने मुख्य कारणमध्ये बालविवाह पनि एक हो । युनिसेफ र युनेस्कोका प्रतिवेदनले बालविवाहका कारण किशोरीको विद्यालय छोड्ने दर उच्च रहेको उल्लेख गरेका छन् । विवाहपछि धेरै किशोरी पुनः विद्यालय फर्कन सक्दैनन् । यसले माध्यमिक तहमा छात्राको निरन्तरता कमजोर बनाउँछ । नेपालले प्राथमिक शिक्षामा पहुँच विस्तारमा उल्लेखनीय उपलब्धि हासिल गरेको भए पनि अझै करिब ३-५ प्रतिशत बालबालिका विद्यालयबाहिर हुनु चिन्ताको विषय हो ।

(लेखकको यो निजी विचार हो)

राजधानीबाट

तल्लो पेट लगातार दुख्नु कतै 'पीआइडी'को समस्या त होइन ?

डा. कुमकुम झा

पेटको तल्लो भागमा लगातार दुखाइ हुनु, योनिबाट असामान्य स्राव आउनु, वा यौन सम्पर्क गर्दा दुखाइ महसुस हुनु । यी सबै लक्षणहरूलाई धेरै महिलाले सामान्य समस्या ठानेर बेवास्ता गर्छन् । तर यस्ता लक्षणहरू कहिलेकाहीं 'पेल्भिक इन्फ्लामेटरी डिजिज'जस्तो प्रजननं अंगमा हुने संक्रमणका कारण पनि हुन सक्छन् ।

यो समस्या सुरुमा सामान्य जस्तो देखिए पनि, समयमै ध्यान नदिँदा यसले गम्भीर रूप लिनसक्छ र भविष्यमा प्रजनन स्वास्थ्यमा असर पुऱ्याउन सक्छ ।

के हो 'पेल्भिक इन्फ्लामेटरी डिजिज (पीआइडी)' ?

पेल्भिक इन्फ्लामेटरी डिजिज (पीआईडी) महिलाको प्रजनन् प्रणालीमा हुने संक्रमण हो, जसले मुख्य रूपमा गर्भाशय, डिम्बवाहीनीनली र अण्डाशयलाई असर गर्छ ।

यो रोग हानिकारक ब्याक्टेरिया योनिबाटभित्र प्रवेश गरेर माथिल्लो प्रजनन् अंगहरूमा फैलिएर हुनसक्छ । सामान्य अवस्थामा शरीरको प्राकृतिक संरचनाले यी ब्याक्टेरियालाई रोक्ने काम गर्छ, तर कुनै कारणले यो सुरक्षा प्रणाली कमजोर भएमा संक्रमण फैलिन सक्छ । यो रोगको विशेषता भनेको यसको प्रभाव क्रमशः बढ्दै जानु हो । सुरुमा सामान्य संक्रमणजस्तो देखिए पनि, समयसँगै यसले डिम्बवाहीनी नलीमाा दाग बनाउँछ, जसले अण्डाको गतिलाई अवरोध गर्न सक्छ । यसले गर्भधारण प्रक्रियामा बाधा पुऱ्याउँछ । यसलाई केवल शारीरिक मात्र नभई मानसिक रूपमा पनि असर पार्ने रोग मानिन्छ, किनकि यसले महिलामा तनाव र चिन्ता बढाउन सक्छ ।

पीआइडी कति सामान्य छ ?

प्रजनन् उमेरका महिलाहरूमा पेल्भिक इन्फ्लामेटरी डिजिज विश्वभरि देखिने एक सामान्य समस्या हो । अध्ययनहरूका अनुसार, हरेक वर्ष लाखौं महिलाहरू पीआईडीबाट प्रभावित हुन्छन् ।

यो रोग विशेषगरी १५ देखि २५ वर्ष उमेर समूहका महिलाहरूमा बढी देखिन्छ, किनकि यस उमेरमा यौन सक्रियता बढी हुने गर्छ । यसको व्यापकता विभिन्न देश र समाज अनुसार फरक हुन सक्छ, तर यसको प्रभाव सर्वत्र देखिन्छ । धेरै महिलाहरूलाई यो समस्या भएको थाहा नै हुँदैन, किनकि यसको लक्षणहरू कहिलेकाहीं स्पष्ट हुँदैनन् । यसले गर्दा रोग पहिचान हुन ढिला हुन्छ र जटिलता बढ्ने सम्भावना रहन्छ ।।

किन हुन्छ ?

पीआईडीको मुख्य कारण ब्याक्टेरियाको संक्रमण हो, जुन प्रायः यौन सम्पर्कमार्फत् शरीरभित्र प्रवेश गर्छ । विशेषगरी गोनोरिया र क्लामाइडिया जस्ता यौनजन्य संक्रमणहरू पीआईडीका प्रमुख कारण मानिन्छन् ।

यी ब्याक्टेरिया योनिबाट प्रवेश गरेर गर्भाशय र अन्य प्रजनन् अंगहरूमा फैलिन्छन्, जसले संक्रमण र सूजन उत्पन्न गर्छ । यो केवल यौन सम्पर्कबाट मात्र हुने होइन । केही अवस्थामा प्रसूति, गर्भपतन, वा शल्यक्रिया पछि पनि ब्याक्टेरिया शरीरभित्र प्रवेश गरेर पीआईडी गराउन सक्छ । सामान्य रूपमा योनिमा पाइने ब्याक्टेरियाले पनि असन्तुलन हुँदा यो समस्या गराउन सक्छ ।

कस्ता लक्षण देखिन्छन् ?

केही अवस्थामा संक्रमण केही दिनमै देखिन सक्छ भने केही अवस्थामा महिनौं लाग्न सक्छ । कहिलेकाहीं स्पष्ट नदेखिन सक्छन्, जसले गर्दा धेरै महिलाहरूलाई रोग भएको थाहा हुँदैन । तर केही अवस्थामा लक्षणहरू अचानक र गम्भीर रूपमा देखा पर्न सक्छन् ।

सबैभन्दा सामान्य लक्षण भनेको पेटको तल्लो भागमा हुने दुखाइ हो, जुन निरन्तर वा हल्का-बलियो रूपमा हुनसक्छ । योनिबाट असामान्य स्राव पनि अर्को महत्वपूर्ण संकेत हो । यो स्राव प्रायः पहेंलो वा हरियो रंगको हुन्छ र दुर्गन्धयुक्त हुन सक्छ ।

ज्वरो, वाकवाकी, बान्ता र शरीरमा कमजोरी पनि देखिन सक्छ । यौन सम्पर्क गर्दा दुखाइ हुनु र पिसाब गर्दा पोल्नु पनि सामान्य लक्षणहरू हुन् । महिनावारी अनियमित हुनु वा बीच-बीचमा रगत बग्नु पनि पीआइडीको संकेत हुन सक्छ ।

जोखिममा को बढी ?

पीआइडी सबै महिलामा हुनसक्छ, तर केही समूहहरूमा यसको जोखिम बढी हुन्छ । विशेषगरी यौन सक्रिय र कम उमेरका महिलाहरू यसको उच्च जोखिममा पर्छन् । धेरै यौनसाथी बनाउनु वा आफ्नो यौनसाथी बनाउनुको पनि धेरै पार्टनर हुनुको सम्भावना बढाउने प्रमुख कारण हो । पहिले यो समस्या भइसकेका महिलाहरूमा पुनः यो रोग हुने सम्भावना बढी हुन्छ । केही शल्यक्रिया वा प्रजनन प्रणालीसँग सम्बन्धित उपचार गराएका महिलाहरू पनि जोखिममा पर्न सक्छन् ।

जोखिमको अर्को महत्वपूर्ण पक्ष भनेको स्वास्थ्यसम्बन्धी जानकारीको अभाव हो । यदि व्यक्तिले सुरक्षित यौन व्यवहार अपनाउँदैन वा नियमित स्वास्थ्य परीक्षण गर्दैन भने पीआईडी हुने सम्भावना बढ्छ ।

के-कस्ता परीक्षण आवश्यक पर्छ ?

पीआईडीको पहिचान गर्न कुनै एउटा मात्र निश्चित परीक्षण हुँदैन, त्यसैले चिकित्सकले विभिन्न विधिहरू प्रयोग गर्छन् । सबैभन्दा पहिले बिरामीको स्वास्थ्य इतिहास र लक्षणहरूबारे जानकारी लिइन्छ । त्यसपछि पाठेघरबाट प्रजनन अंगहरूको अवस्था जाँच गरिन्छ । योनिबाट स्रावको नमूना लिएर ब्याक्टेरियाको परीक्षण गरिन्छ । साथै, रगत र पिसाब परीक्षण गरेर अन्य सम्भावित संक्रमणहरू हटाइन्छ । कहिलेकाहीं थप परीक्षणहरू जस्तै एन्डोमेट्रयल बायोप्सी पनि आवश्यक पर्न सक्छ । यी परीक्षणहरूले पीआईडीको पुष्टि गर्न र अन्य समस्याहरू छुट्याउन मद्दत गर्छन् ।

के छ उपचार ?

पीआईडीको उपचार मुख्य रूपमा एन्टीबायोटिक्स प्रयोग गरेर गरिन्छ । चिकित्सकले प्रायः १४ दिनसम्म औषधि सेवन गर्न सल्लाह दिन्छन् । लक्षण कम भए पनि औषधि पूरा गर्नु अत्यन्त आवश्यक हुन्छ, किनकि संक्रमण पूर्ण रूपमा निको नभए पुनः समस्या देखिन सक्छ ।

गम्भीर अवस्थामा बिरामीलाई अस्पतालमा भर्ना गरेर आईभीमार्फत् औषधि दिनुपर्छ । यदि संक्रमण धेरै फैलिएको छ भने थप उपचार आवश्यक पर्न सक्छ । दुर्लभ अवस्थामा शल्यक्रिया पनि गर्नुपर्ने हुनसक्छ । अर्को महत्वपूर्ण कुरा भनेको यसको उपचारमा यौन पार्टनरको पनि भूमिका महत्वपूर्ण हुन्छ । यदि पार्टनरले उपचार नगरेमा पुनः संक्रमण हुने सम्भावना रहन्छ ।

त्यसैले, दुवैले उपचार पूरा गरेपछि मात्र यौन सम्पर्क गर्नु सुरक्षित हुन्छ । त्यस्तै, यदि रोग प्रतिरोधात्मक क्षमता राम्रो छ भने संक्रमण हुने सम्भावना कम हुन्छ । शरीरले भाइरस र ब्याक्टेरियासँग राम्रोसँग लड्न सक्छ । स्वस्थ खाना, आराम र व्यायामले प्रतिरोधात्मक क्षमता बलियो बनाउँछ ।

उपचार नहुँदा देखिन सक्छन् यस्ता समस्या

पेल्भिक इन्फ्लामेटरी डिजिज समयमै उपचार नगरिएमा यसको असर बिस्तारै गम्भीर हुँदै जान सक्छ । सुरुमा सामान्य संक्रमण जस्तो देखिए पनि, लामो समयसम्म रहँदा यसले प्रजनन अंगहरूमा स्थायी क्षति पुऱ्याउन सक्छ ।

विशेषगरी डिम्बवाहीनी नलीमा दाग बन्न थाल्छ, जसले प्रजनन् प्रक्रियामा बाधा पुऱ्याउँछ र विभिन्न स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ । सबैभन्दा सामान्य जटिलता भनेको दीर्घकालीन पेल्भिक दुखाइ हो । धेरै महिलाहरूमा संक्रमण निको भइसकेपछि पनि लामो समयसम्म पेटको तल्लो भागमा दुखाइ रहिरहन्छ । अध्ययनहरूका अनुसार करिब २० प्रतिशत महिलाहरूमा यस्तो प्रकारको दीर्घकालीन दुखाइ देखिन सक्छ, जसले दैनिक जीवनमा असर पुऱ्याउँछ । त्यसैगरी, पीआइडीको कारण एक्टोपिक प्रेगनेन्सी (गर्भाशय बाहिर हुने गर्भ) को जोखिम पनि बढ्छ । डिम्बवाहीनी नलीमा बनेको दागका कारण निषेचित अण्डा गर्भाशयसम्म पुग्न नसकी ट्युबमै अड्किन्छ । यस्तो अवस्था अत्यन्त जोखिमपूर्ण हुन्छ र तुरुन्त उपचार आवश्यक पर्छ ।

यसको अर्को गम्भीर असर भनेको बाँझोपन हो । फेलोपियन ट्युब बन्द हुने वा क्षति पुग्ने कारणले अण्डा र शुक्रकीटको भेट हुन नसक्ने हुन्छ, जसले गर्भधारण असम्भव बनाउँछ । करिब १० प्रतिशत महिलाहरू पीआईडीका कारण सन्तान प्राप्त गर्न असमर्थ हुन सक्छन् ।

गन्धर्व समुदायले वैकल्पिक पेसा अपनाएर जीविकोपार्जन गर्दै

दाङ । पहिलेपहिले गाउँगाउँमा पुगेर सारङ्गी बजाएर जीविकोपार्जन गर्दै आएका यहाँका गन्धर्व समुदायले केही वर्षदेखि पुर्खौंली पेसा छोडेर आयआर्जनका लागि वैकल्पिक पेसा अँगालेका छन् ।

आधुनिक गीतसङ्गीतप्रति आकर्षण बढ्नु, प्रविधिको विकासका साथै समाजले आफूहरूलाई हेर्ने दृष्टि फरक भएकाले परम्परादेखिको पेसा छोडेर आत्मनिर्भर बन्नका लागि वैकल्पिक पेसा अँगालेर जीविकोपार्जन गर्दै आएको उनीहरूको भनाइ छ ।

बीस वर्ष पहिलेदेखि जिल्लाका ग्रामीण क्षेत्रका साथै तुलसीपुर, घोराही, लमहीका बजारक्षेत्रमा गीत गाउँदै हिँडेका तुलसीपुर उप-महानगरपालिका-४ रक्षाचौर गन्धर्व टोलका ६० वर्षीय गोपाल गन्धर्वले पुर्खौंली पेसाबाट आम्दानी हुन छाडेपछि वैकल्पिक पेसा रोज्न बाध्य भएको बताए ।

“हामीलाई समाजले हेला गर्ने दृष्टिकोण, आधुनिक गीतसङ्गतको आकर्षण बढ्नु, राज्यले पनि बवास्ता गर्नुलगायत कारणले गाउने पेसाबाट खानलाउन नपुग्ने अवस्था आएपछि पाँच वर्षपहिले पुर्खौंली पेसा छोडेर दैनिक मजदुरीलगायत अन्य काम गर्न थालेका छौं ।”-उनले भने । सोही पेसाबाट घरखर्च चलाउने, नातीनातीना पढाउनेलगायत खर्च व्यवस्थापन भइरहेको उनले बताए ।

गोपालका अनुसार यस टोलमा ६३ परिवार छन् भने रक्षाचौरस्थित गणेश गन्धर्व टोलमा चार सयबढी गन्धर्व परिवार बसोबास गर्दै आएका छन् । अहिले यस टोलका पाँच जनाले मात्र पुर्खौंली पेसा अँगालेका उनले जानकारी दिए । ती पाँच जना पनि कुनै काम नपाएको बेलामा मात्र गाउँदै हिँड्छन् । हातमुख जोड्न साह्रै मुस्किल परेकाले यो पेसा गर्न नपरोस् भन्ने सोच सबैको रहेको गोपालले बताए ।

अहिलेको पुस्ताले गायन पेसाप्रति देखाएको उदासीनतालेआफ्नो जातिको अस्तित्व सङ्कटमा पर्नसक्ने चिन्ता बढेको गणेशटोलका ७६ वर्षीय शालिकराम गन्धर्व बताउँछन् । युवापुस्तालाई आर्थिक रूपमा सक्षम बनाएमा मात्र संस्कृति र जातीय पहिचान जोगाउन पुर्खौंली पेसा अँगाल्न सकिने उनको भनाइ छ ।

शालिकरामका अनुसार अहिले गन्धर्व समुदायका बालबालिका अध्ययनका लागि विद्यालय जान थालेका छन् । युवाहरू आयमूलक काम, ज्याला, मजदुरलगायत काममा आबद्ध हुन थालेका छन्, महिलाले वनजङ्गलबाट सालको पाट टिपेर तुलसीपुर बजारमा बिक्री गरी आम्दानी गर्न थालेका उनले जानकारी दिए । कपिय युव भने भारतमा ज्याला मजदुरी गर्न गएका छन् ।

पुर्खाहरू सल्यानको हिउल्चाबाट दाङमा आएका स्थानीय टेकबहादुर गन्धर्वले बताए । उनका अनुसार पुर्खौंली पेसाबाट हातमुख जोर्न मुस्किल भएपछि पलायन भएका गन्धर्व हाल दाङको तुलसीपुर, घोराही, पातेटाकुरा, एकलीलगायत स्थानमा फलफूल तथा तरकारी बिक्री गर्ने, ज्याला, मजदुरी, माछा मार्ने, मादल बनाउनेलगायत काम गरेर जीविकापार्जन गर्दै आएका छन् ।

“आफू पनि पहिले मानामुठी अन्न बटुल्ने क्रममा दाङ, सल्यान, रुकुम, रोल्पालगायत स्थानसम्म पुग्ने गर्दथे । सो पेसाबाट घरपरिवार पाल्न नसकेपछि हाल तुलसीपुरमा आएर मजदुरी गर्दै आएको छु ।”-टेकबहादुरले भने ।

जातीय पहिचान बोकेका गन्धर्वको संस्कृति, परम्परा र पुर्खौंली पेसा हराउन थालेकामा उनले चिन्ता व्यक्त गरे ।

“गाइनेहरूले हिजोआज गायकगायिकाका गीतहरू मात्र सुनाउने गर्दछन् । आफूले खासै मेहनत नगरेकाले पनि परम्परागत शैली हराइसकेको छ । त्यस्तै अहिले युट्युब, टिकटकले गर्दा गन्धर्वका गीत सुन्न कसैले रुचाउँदैन ।”

-टेकबहादुरले भने । सोही कारणले अधिकांश युवा रोजगारीका लागि भारतमा जाने गरेका उनको भनाइ छ ।

नयाँ गायकको नक्कल गर्ने, सामाजिक सञ्जाल र सञ्चारमाध्यमको बढ्दो प्रयोग तथा युट्युब हेर्ने प्रवृत्तिले लोकप्रिय ‘कर्खा भाका’ हराउन लागेकामा गन्धर्व समुदायका अगुवा एवं गायक सुशील गन्धर्व चिन्तित छन् । उनले भने-“कुनै घटनाको कथावस्तुलाई गीत बनाएर गाइने ‘कर्खा भाका’ अहिले सबैलाई गाउन आउँदैन । गन्धर्वको उत्थानमा कसैले पनि ठोस प्रयास नगरेकाले नेपाली संस्कृतिको एउटा अध्याय मेटिने हो कि भन्ने डर लागेको छ ।”

कक्षा ९ को नेपाली विषयमा लोकबाजा भन्ने पाठमा आफ्ना बारेमा लेखिएको पाउँदा अत्यन्तै खुसी लागेको लागको सुशीलले बताए । स्थानीय सरकारबाट हालसम्म आफूले वा समुदायले कुनै पनि सहयोग नपाएको भन्दै कला, संस्कृति र मौलिक परम्परा संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्न स्थानीय सरकारले विशेष योजनासहित प्रभावकारी कदम चाल्नुपर्नेमा उनले जोड दिए ।

“हरेक चुनावमा हामीलाई भोट बैंकका रूपमा मात्र प्रयोग गरिन्छ । लोपोन्मुख यो संस्कृतिको जगेर्नाका लागि तीनै तहका सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने र यस समुदायका युवालाई रोजगारी तथा आयआर्जनका काममा लगाउन राज्यले उचित नीति बनाउनुपर्छ ।”-उनले माग गरे ।

पहिला सञ्चारको विकास नभएको समयमा समाजमा भएका राम्रा, नराम्रा घटनालाई गीत बनाएर सुसेल्ने गन्धर्वको पेसा हराउँदै जानु नेपाली संस्कृतिका लागि विडम्बनाको विषय भएको संस्कृतिविद् एवं प्राचार्य निर्मला डाँगीले बताए ।

उनले भने-“समाजमा भएका विकृतिलाई सारङ्गीको मीठो धून अनि सुरिलो भाकामा साधारण मानिससम्म सन्देश छरी चेतना वृद्धि गर्ने गन्धर्वको पुर्खौंली पेसाको संरक्षण गर्न सबैले पहल गर्नुपर्छ । साथै गन्धर्वले पनि आफ्नो पेसाप्रति गर्व गर्नुपर्छ ।”

नेपाली संस्कृतिको पहिचान दिलाउने लोकगीत पनि ओझेलमा पर्ने भएकाले यसलाई संरक्षण गरी संस्कृतिलाई पुनःजीवन दिनुपर्ने शिक्षिका कमला चापागाईंले बताए । गन्धर्वको पेसा संरक्षण, प्रवर्द्धका साथै मौलिक परम्पराको रक्षा गर्न तीनै तहका सरकार, विभिन्न सङ्घसङ्गठन तथा सरोकार भएका निकायले आपसी सहकार्य र समन्वयमार्फत योजनाबद्ध रूपमा काम गर्नुपर्नेमा उनले जोड दिए ।

आयुर्वेद क्षेत्रलाई विश्वसनीय र अब्बल बनाउन जोड

बुटवल । आयुर्वेद क्षेत्रलाई अझै विश्वसनीय, व्यवस्थित र प्रतिस्पर्धी बनाउन सरोकारवालाले जोड दिएका छन् । नेपाल आयुर्वेद औषधि व्यवसायी संघ लुम्बिनी प्रदेश तथा जिल्ला शाखा रुपन्देहीको संयुक्त आयोजनामा सम्पन्न तेस्रो साधारणसभा तथा अधिवेशनका वक्ताहरूले नेपाली जडीबुटीमा आधारित आयुर्वेदिक उत्पादनको प्रवर्द्धन गर्दै यस क्षेत्रलाई थप सशक्त बनाउनुपर्ने बताएका हुन् ।

कार्यक्रममा बोल्दै संघका केन्द्रीय अध्यक्ष रामचन्द्र बुढाथोकीले व्यवसायीले अझै व्यवसायिक लाइसेन्स सहज रूपमा प्राप्त गर्न नसकेको उल्लेख गर्दै त्यसका लागि आवश्यक प्रक्रिया अघि बढाइएको बताए । उनले मन्त्रिपरिषद्बाट निर्णय गराएर कार्यान्वयनको चरणमा लैजान पहल भइरहेको जानकारी दिए । विभिन्न सम्बन्धित संघ-संस्थासँग सहकार्य विस्तार गर्दै आयुर्वेद क्षेत्रलाई बलियो बनाउने अभियानमा संघ सक्रिय रहेको उनको भनाइ थियो । उनले औषधि व्यवस्था विभागले आयुर्वेद क्षेत्रलाई पनि अन्य औषधि व्यवसाय सरह मान्यता दिन थालेको उल्लेख गर्दै यसले व्यवसायीमा सकारात्मक वातावरण सिर्जना गरेको जनाए ।

संघका संस्थापक अध्यक्ष उद्धब गौतमले २०५९ सालमा स्थापना भएको संघ लामो संघर्षपछि अहिलेको अवस्थासम्म आइपुगेको बताए । उनले आयुर्वेद क्षेत्रलाई थप सुदृढ बनाउन नयाँ नेतृत्वले व्यवसायीका समस्या समाधानमा केन्द्रित भएर काम गर्नुपर्ने धारणा राखे ।

नेपाल आयुर्वेद उत्पादक संघका निवर्तमान केन्द्रीय अध्यक्ष सुमन पाण्डेले संस्थागत रूपमा बलियो बने मात्र व्यवसाय दिगो बन्ने बताए । उनले चिकित्सकीय धर्म निर्वाह गर्दै व्यवसायी, बिक्रेता र चिकित्सकले जनविश्वास कायम गर्नुपर्नेमा जोड दिए। नेपाल आयुर्वेद उत्पादक संघका केन्द्रीय उपाध्यक्ष बिनोद अधिकारीले नेपालमा अझै आयुर्वेदिक औषधिप्रति पूर्ण विश्वासको वातावरण बन्न नसकेको गुनासो गरे । नेपालमै उपलब्ध कच्चा पदार्थ प्रयोग गरेर औषधि उत्पादन भइरहे पनि सरकारले अपेक्षित ध्यान नदिएको उनले जनाए ।

कार्यक्रममा बुटवल उद्योग वाणिज्य संघका उद्योग उपाध्यक्ष सुरज भट्टराईले औषधि व्यवसायी र आयुर्वेद व्यवसायीबिच सहकार्यको आवश्यकता औंल्याए । उनले भन्सार, एमआरपी तथा उधारो व्यवस्थापन जस्ता समस्यामा नयाँ नेतृत्वले गम्भीर रूपमा काम गर्नुपर्ने सुझाव दिए । उधारो कानुन प्रभावकारी रूपमा कार्यान्वयन भए आर्थिक गतिविधि थप चलायमान हुने उनको भनाइ थियो ।

आयुर्वेद स्वास्थ्यकर्मी संघका केन्द्रीय उपाध्यक्ष यमलाल भट्टराईले नेपाली आयुर्वेदिक उत्पादन र बजार कमजोर बन्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै स्वदेशी उत्पादनलाई प्राथमिकता दिन आग्रह गरे । क्षेत्रका समस्या समाधानका लागि सरकारमार्फत् पहल गर्ने प्रतिबद्धता पनि उनले जनाए ।

प्रदेश अध्यक्ष देवबहादुर बस्नेतको अध्यक्षता, जिल्ला अध्यक्ष डा. दिपककुमार धितालको सहअध्यक्षता तथा रुपन्देही उपाध्यक्ष कृष्ण केसीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । जिल्ला शाखा रुपन्देहीको आयोजनामा अधिवेशन सम्पन्न भएको हो ।

नेपाल आयुर्वेद औषधि व्यवसायी संघ लुम्बिनीको अध्यक्षमा बाबुराम र रुपन्देही अध्यक्षमा कृष्णबहादुर निर्वाचित

नेपाल आयुर्वेद औषधि व्यवसायी संघ लुम्बिनी प्रदेश र रुपन्देही जिल्ला समितिको तेस्रो अधिवेशन एकै समारोहमा सम्पन्न भएको छ । यस ऐतिहासिक कार्यक्रमबाट प्रदेश र जिल्ला दुवै तहमा नयाँ नेतृत्व चयन भएको छ ।

प्रदेश समितिको अध्यक्षमा रुपन्देहीका बाबुराम खनाल निर्वाचित भएका छन् । जसको उपाध्यक्षहरुमा रुपन्देहीका झबिन्द्रप्रसाद पौडेल र बाँकेका भास्कर देबकोटा रहेका छन् । सचिवमा कपिलवस्तुका गोपाल प्रसाद बज्जाडे तथा कोषाध्यक्षमा पाल्पाका शशी खनाल चयन भएका छन् ।

सदस्यहरूमा डिके धिताल, निर्मला पाण्डे, इन्सफिन अन्सारी, देवेन्द्र पौडेल, रमेश अधिकारी र सन्तोष कँडेल रहेका छन् ।

यसैगरी सम्पन्न भएको रुपन्देही जिल्ला समितिको अधिवेशनले कृष्णबहादुर केसीको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ, जसमा उपाध्यक्षमा विजय सी चौधरी, सचिवमा श्याम सुवेदी, कोषाध्यक्षमा डा. योगेन्द्र ठाकुर, र सदस्यहरूमा नरेन्द्र पाण्डे, जनक शर्मा र सुमित्रा घिमिरे रहेको निर्वाचन अधिकृत दीपक ढकालले बताए । उक्त समारोहमा उपस्थित वक्ताहरूले आयुर्वेद क्षेत्रको विकास र प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्ने कुरामा जोड दिएका थिए ।

नाकामा तालिम प्राप्त कुकुर परिचालन

नेपालगञ्ज । नेपाल-भारत जमुनाहा नाकामा सशस्त्र प्रहरीले तालिम प्राप्त कुकुरहरू परिचालन गरेको छ । सो नाकाबाट पछिल्लो समयमा लागुऔषध ओसारपसार बढ्दै गएको भन्दै नियन्त्रणका लागि नियन्त्रणका लागि तालिम प्राप्त कुकुर परिचालन गरिएको हो ।

तालिम प्राप्त कुकुर परिचालन गरेर सुरक्षा व्यवस्था कडा तुल्याइएको र कुकुरलाई भारतबाट आउने हरेकको सामान सुँघेर जाँच गराउन थालिएको सशस्त्र प्रहरी बल नेपाल ३० नम्बर गण हेडक्वाटर बागेश्वरीले जनाएको छ ।

जमुनाहामा परिचालित दुई वटा तालिम प्राप्त कुकुरले विशेषगरी हातहतियार, विस्फोटक पदार्थ तथा लागुऔषधसम्बन्धी जाँचमा सघाइरहेको उल्लेख गर्दै सशस्त्र प्रहरी बल नेपाल ३० नम्बर गण हेडक्वाटर बागेश्वरीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक भीमबहादुर चन्दले सीमा सुरक्षालाई आधुनिक र प्रविधिमैत्री बनाउने उद्देश्यअनुसार अब नियमित रूपमा यस्ता तालिम प्राप्त कुकुरहरू सीमा नाकामा तैनाथ रहने जानकारी दिए ।

सीमा नाकामा कुकुर परिचालन भएसँगै अवैध ओसारपसार, सीमा अपराध तथा शङ्कास्पद गतिविधि गर्नेहरूमा त्रास हुने र नियन्त्रणमा थप प्रभावकारिता आउने उनले विश्वास व्यक्त गरे । सय रुपियाँभन्दा बढीको सामान भारतबाट ल्याउँदा भन्सार शुल्क अनिवार्य तिर्नुपर्ने नियममा कडाइ गरिएपछि नाकाको सुरक्षा व्यवस्था थप सुदृढ बनाउन कुकुर परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

सोलेडाँडामा ‘जडीबुटी पार्क’

ढोरपाटन । बागलुङको तमानखोला गाउँपालिकाले पर्यटकीय क्षेत्र सोलेडाँडामा जडीबुटी पार्क निर्माण गरेको छ । गाउँपालिकाले सोलेडाँडाको करिब सात रोपनी क्षेत्रफलमा जडीबुटीको बिरुवा लगाएको हो ।

प्राकृतिक सुन्दरताले भरिएको सोलेडाँडामा गाउँपालिकाले पर्यटकीय पूर्वधारसँगै जडीबुटीको अनुसन्धान र पर्यटक आकर्षण गर्नका लागि पार्क निर्माण गरिएको तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले बताए ।

समुन्द्री सतहदेखि करिब दुई हजार ६३० मिटरको उचाइमा रहेको सोलेडाँडामा जडीबुटी राम्रो उत्पादन हुने उनको भनाइ छ ।

गाउँपालिकाले अघिल्लो वर्षदेखि पार्कमा विभिन्न प्रजातिका जडीबुटीको बिरुवा लगाएको अध्यक्ष बुढामगरले बताए । सोलेडाँडा छेउँको जङ्गलमा तारबार लगाएर पार्क निर्माण गरी चिराइलो, अर्सोगन्धलगायत विभिन्न प्रजातिका जडीबुटी यहाँ लगाइएको उनको भनाइ छ ।

“सोलेडाँडा आफैंमा पर्यटकीय क्षेत्र हो, यहाँ पछिल्लो समय उल्लेख्य पर्यटकको आगमन हुन थालेको छ, हामीहरुले नयाँ सोचका साथ जडीबुटी पार्कसमेत बनाएका छौं”, अध्यक्ष बुढामगरले भने-“अब सोलेडाँडा घुमफिर गर्ने र रमाउने ठाउँ मात्रै होइन, अनुसन्धान गर्ने क्षेत्रका रुपमा पनि विकास गर्ने उद्देश्यले जडीबुटी पार्क बनाएका हौं, यहाँ अझै धेरै जडीबुटीका बिरुवा लगाउने योजनामा छौं ।”

गाउँपालिकाले जडीबुटी पार्कका लागि हालसम्म करिब रु सात लाखभन्दा बढी रकम खर्च गरिसकेको छ । पछिल्लो समय सोलेडाँडामा दैनिक सयौं पर्यटक आउने गरेको स्थानीय तमबहादुर सिर्पाली बताउँछन् । गाउँपालिकाले पर्यटन पूर्वधारसहित सहिद पार्कलगायत पूर्वाधार निर्माणसँगै जडीबुटी पार्क बनाएपछि टाढाटाढाबाट अध्ययन अवलोकन गर्न आउनेको संख्यासमेत बढ्न थालेको उनको भनाइ छ ।

सार्वजनिक बसमा ‘लगेज ट्याग’ प्रणाली लागू हुने

बुटवल । काठमाडौं उपत्यकाबाट बाहिरिने लामो दूरीका सार्वजनिक सवारी साधनमा अबदेखि यात्रुको लगेज (झोला) ट्याग प्रणाली लागू गरिने भएको छ । यात्रुको सामान सुरक्षित बनाउने, झोला हराउने तथा साटिने समस्या अन्त्य गर्ने र सार्वजनिक यातायातलाई थप व्यवस्थित बनाउने उद्देश्यसहित उक्त प्रणाली लागू गर्न लागिएको हो ।

यस सम्बन्धमा शुक्रबार काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय र राष्ट्रिय यातायात व्यवसायी महासङ्घबीच औपचारिक सम्झौता भएको छ । सम्झौतापत्रमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारी तथा राष्ट्रिय यातायात व्यवसायी महासङ्घका अध्यक्ष सरोज सिटौलाले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार अब लामो दूरीका सार्वजनिक बसमा यात्रा गर्ने यात्रुको लगेजमा यहीं जेठ १५ गतेदेखि विशेष ट्याग लगाइने भएको छ । यात्रुले पाउने ट्याग नम्बर र बसमा राखिने सामानको ट्याग नम्बर मिलाएर मात्रै गन्तव्यमा सामान बुझाइने व्यवस्था गरिने बताइएको छ ।

यसले यात्रुको सामान सुरक्षित राख्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले सार्वजनिक यातायात क्षेत्रमा बढ्दो लगेज चोरी, झोला हराउने तथा गैरकानुनी गतिविधि नियन्त्रण गर्न यस्तो प्रणाली आवश्यक रहेको जानकारी दिए ।

उनले भने-“सार्वजनिक सवारी साधनमा यात्रा गर्ने यात्रुको लगेज हराउने, चोरी हुने तथा अन्य अवाञ्छित गतिविधि रोक्न यो प्रणाली प्रभावकारी हुनेछ । यात्रुको सुरक्षालाई केन्द्रमा राखेर ट्राफिक प्रहरी र यातायात व्यवसायीबीच सहकार्य गरिएको हो । प्रारम्भिक चरणमा जेठ १५ बाट यो व्यवस्था लामो दूरीका सवारी साधनमा लागू हुनेछ ।”

राष्ट्रिय यातायात व्यवसायीक महासङ्घका अध्यक्ष सरोज सिटौलाले हवाई यात्रामा जस्तै सार्वजनिक बस सेवामा पनि आधुनिक व्यवस्थापन प्रणाली भित्र्याउन लागिएको जानकारी दिए । उनका अनुसार यात्रुको लगेज सुरक्षित राख्ने विषय लामो समयदेखि चुनौतीका रूपमा रहेको थियो ।

उनले भने-“जहाजमा जस्तै अब बसमा पनि लगेज ट्याग प्रणाली लागू हुनेछ । यसले यात्रुको सामान हराउने वा गलत व्यक्तिले लैजाने समस्या हटाउनेछ । यात्रुले ढुक्क भएर यात्रा गर्न सक्ने वातावरण बन्नेछ ।” यातायात व्यवसायीका अनुसार चाडपर्व, भीडभाड तथा रात्रिकालीन यात्राका क्रममा यात्रुको सामान हराउने गुनासो धेरै आउने गरेको थियो ।

कतिपय अवस्थामा चोरी तथा अवैध वस्तु ओसारपसारमा सार्वजनिक सवारीको दुरुपयोग हुने गरेको भन्दै सुरक्षा निकायले चिन्ता व्यक्त गर्दै आएका थिए । नयाँ प्रणाली लागू भएपछि यस्ता गतिविधिमा कमी आउने अपेक्षा गरिएको छ ।

यस प्रणालीअन्तर्गत बस काउन्टरबाट यात्रुको लगेजमा कोड वा नम्बरसहितको ट्याग लगाइनेछ । सोही नम्बर यात्रुलाई पनि उपलब्ध गराइनेछ । गन्तव्यमा पुगेर ट्याग मिलाएपछि मात्रै सामान हस्तान्तरण गरिने व्यवस्था मिलाइने तयारी गरिएको छ । ट्राफिक प्रहरीका अनुसार आगामी दिनमा प्रविधिमैत्री तथा डिजिटल प्रणालीसमेत जोड्ने योजना बनाइएको छ । आवश्यक परे क्युआर कोड वा डिजिटल रेकर्ड राख्ने अभ्यास पनि सुरु गर्न सकिने बताइएको छ ।

ओलीलाई...

शुक्रबारको सचिवालय बैठकमा पनि पौडेलले आजको राजनीतिक स्थिति सिर्जना हुनुमा नेतृत्वको कमजोरी औंल्याएका छन् । विशेषगरी ७० वर्षे उमेर हद र दुई कार्यकालको व्यवस्था हटाउनुलाई उनले गल्ती भनेका छन् । अब त्यही व्यवस्था कायम राखेर पुनर्गठनमा जानुपर्ने प्रस्ताव राखेका थिए । विगतका कमजोरी औंल्याउने क्रममा पौडेलले २३ भदौको दिन समेत सम्झिएका थिए । जेनजी आन्दोलनका क्रममा ठूलो संख्यामा युवाहरुको मृत्यु भइसकेपछि प्रधानमन्त्री पदबाट ओलीले राजीनामा नदिएर गल्ती भएको पौडेलको निष्कर्ष थियो । ‘२३ गते बेलुकी राजीनामा दिएको भए आज राजनीति यहाँ आइपुग्थेन ।’- पौडेलले भनेका थिए ।

शुक्रबार चार जना उपाध्यक्षले एकमतका सथ पार्टी पुनर्गठनको प्रस्ताव राखेका थिए । उपाध्यक्षहरु विष्णुप्रसाद पौडेल, पृथ्वीसुब्बा गुरुङ, गोकर्ण बिष्ट र रघुजी पन्तले नेतृत्व परिवर्तनको निष्कर्ष सुनाएका थिए ।

अध्यक्ष ओलीका पक्षमा भने रामबहादुर थापा मात्रै उभिएका छन् । नेतृत्वको रक्षा गर्नुपर्ने बेला परिवर्तनको प्रस्ताव अगाडि बढाउन नहुने थापाको प्रस्ताव थियो । ओलीले पनि थापाकै लाइनअनुसार नेताहरु उभिनुपर्ने निर्देशन दिएका थिए ।

‘हिजोको बैठक सकिदै गर्दा केपी ओलीले महासचिव, उपमहासचिव र सचिवहरुलाई तर्साउनेगरी निर्देशन दिनुभएको थियो,’ एक पदाधिकारी भन्छन्-‘पृथ्वीसुब्बा गुरुङले त्यसको प्रतिवाद त्यही गर्नुभयो । तर बोल्न बाँकी पदाधिकारीहरु कता उभिन्छन् आज देखिनेछ ।’

उपाध्यक्षहरुमा देखिएकै प्रवृत्ति बाँकी पदाधिकारीमा देखिए ओलीको पद संकटमा पर्नेछ । ‘उहाँलाई साथ दिदै आएका पदाधिकारीहरुले राजीनामा माग्ने स्थिति आएको छ । उपाध्यक्षहरुमा जस्तै बाँकी पदाधिकारीमा पनि केपी ओलीको विकल्प खोज्नेगरी बोल्ने अनुमान छ ।’- उनी भन्छन् ।

शुक्रबार राजीनामा शब्द उच्चारण नगरे पनि उपाध्यक्षहरुले बुझ्निनेगरी मार्गप्रशस्त गर्न ओलीलाई सुझाव दिइएको छ । उपाध्यक्ष गोकर्ण विष्टले सबैले पद त्यागेर भए पनि एमाले जोगाउनुपर्ने सुझाव राखेका थिए । ‘पर्यो भने मेरो ठाउँ त्याग्न तयार छु । हामी सबैले पद त्याग्न पनि तयार हुनुपर्छ,’ उपाध्यक्ष विष्टको प्रस्ताव थियो- ‘दक्षिणपन्थी अवसरवादविरुद्ध लड्ने भनेर हिडेको हामी कहाँ चुक्यौ । निर्मन समीक्षा गर्नुपर्छ ।’

उपाध्यक्ष विष्टले पार्टीका हरेक तहका नेताले आवश्यक पर्दा त्याग गर्न तयार हुु भन्ने भावना बोकेर पार्टी पुनर्गठन गर्नुपर्ने बताएका थिए । उपाध्यक्ष विष्णुप्रसाद पौडेलले ७० वर्षे उमेर हद र दुई कार्यकाल हटाएर गल्ती भएको निष्कर्ष सुनाएका थिए ।

विगतका कमजोरी खोतल्ने क्रममा उपाध्यक्ष पौडेले २३ भदौमा प्रधानमन्त्री पदबाट राजीनामा नदिएर ओलीले गल्ती गरेको पनि तर्क गरेका थिए । ‘२३ गते बेलुकी राजीनामा दिएको भए आज राजनीति यहाँ आइपुग्थेन ।’- पौडेलले भनेका थिए ।

रविविरुद्ध...

छ) सङ्गठित अपराधको प्रश्न :

यसलाई एक्लो ठगी मात्र मानिन्छ कि, यो सङ्गठित रूपमा गरिएको ठगी थियो ? यो ठगीमा सङ्गठित संरचनाको प्रयोग, निरन्तरता र लाभको योजना देखिन्छ कि देखिँदैन ? रवि सँगै जीवी लाई उन्मुक्ति दिनु पर्ने राजनीतिक बाध्यता वा कानुनी अवस्था के आइलाग्यो ?

ज) अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण :

यो विषय अपराधको राजनीतिकरण र राजनीतिको अपराधिकरणको ज्वलन्त प्रमाण बन्छ कि बन्दैन ? के यसलाई पनि सुशासन मान्नु पर्ने हो कि !

झ) यसै प्रसङ्गमा सरकारले संसद् छलेर हतारमा संवैधानिक परिषद् अध्यादेश ल्याउनु, तत्काल बैठक बस्नु र न्यायाधीश नियुक्ति गर्नु र सहकारी ठगी सम्बन्धी मुद्दामा यस्तो निर्णय आउनु बाख्रो हराउनु र बाघ कराएको जस्तो भएको ठान्ने कि साँच्चै नै बाघले बाख्रो खाने प्रयास गरेको अर्थमा बुझ्ने ?

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
● ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
● लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

रु.जि.हु.द.न.१३/०६३/०६४

२०८३ जेठ १० गते, आइतबार
Sunday May 24, 2026

न.प.जि.प्र.का.द.न.४/०४५/०४६

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

परम्परागत मौलिक घरहरू:

पश्चिम बागलुङको तमानखोला गाउँपालिका-३ स्थित तमान गाउँमा रहेका परम्परागत मौलिक घरहरू। जिल्लाका अधिकांश गाउँहरूमा मौलिकता तोडेर कङ्क्रिटका भवन बन्दै गए पनि तमान गाउँमा भने अझै मौलिक घरहरू संरक्षित छन्। तस्विरः रासस

न्यू होराइजन स्पोर्ट्स क्लबले मनायो भलिबल दिवस

बुटवल। न्यू होराइजन स्पोर्ट्स क्लबले नवौं राष्ट्रिय भलिबल दिवस मनाएको छ।

न्यू होराइजन अंग्रेजी आवासीय माविको आफ्नै भलिबल खेल मैदानमा एक औपचारिक कार्यक्रम गरी भलिबल दिवस मनाइएको हो।

सो अवसरमा क्लबले क्लबका संरक्षक एवं विद्यालयका निवर्तमान प्राचार्य लोकनाथ उपाध्याय र निवर्तमान उपप्राचार्य बालकृष्ण भण्डारीलाई क्लब र विद्यालयलाई गरेको योगदानप्रति आभार र कृतज्ञता सहित सम्मान गरेको छ।

यस्तै क्लबका सल्लाहकार एवं नव नियुक्त प्राचार्य बासुदेव अर्याल र क्लबका कानुनी सल्लाहकार एवं नवनियुक्त उपप्राचार्य राजेश पाण्डेलाई बधाई तथा सफल कार्यकालको शुभकामनासहित सम्मानन गरेको छ। क्लबका अध्यक्ष चेतन उचै ठकुरी, उपाध्यक्ष बालकृष्ण बस्याल, सदस्य मिलन रानालगायतले चारै जनालाई दोसल्ला ओडाएर कदर पत्रसहित सम्मान गरिएको हो।

सो अवसरमा बोल्दै निवर्तमान प्राचार्य लोकनाथ उपाध्यायले न्यू होराइजन स्पोर्ट्स क्लबका कारण विद्यालयले धेरै खेल प्रतियोगिताहरु निरन्तर जित्दै विद्यालयको गरिमा र प्रतिष्ठा उचाईमा पुऱ्याउन ठूलो भूमिका खेलेको बताए। उनले खेलाडीहरु खेललाई मात्र नभई अध्ययनलाई पनि बराबर महत्व दिन सुझाव दिँदै खेल र अध्ययनमा सफल हुन अनुशासन मुख्य कुरा हुनेमा जोड दिए।

आफू न्यू होराइजन संस्था र स्पोर्टस् क्लबबाट कहिल्यै टाढा नहुने र प्रत्यक्ष अप्रत्यक्षरुपमा बाहिर रहेर पनि सल्लाह सुझाव र योगदान निरन्तर गरिरहने प्रतिबद्धता जनाउँदै उपाध्यायले स्पोर्टस् क्लबको आजीवन सदस्यता लिने घोषणा गरे।

प्राचार्य बासुदेव अर्यालले क्लबले धेरै रचनात्मक काम हरु गर्दै आएको भन्दै यसलाई निरन्तरता दिन आग्रह गर्दै विद्यालय र व्यक्तिगत हिसाबले पनि सहयोग जारी रहने प्रतिबद्धता जनाए।

निवर्तमान उपप्राचार्य बालकृष्ण भण्डारीले देशलाई चिनाउने खेल भलिबल भएको चर्चा गर्दै यसको विकासका लागि विद्यालय तहबाटै खेलाडी उत्पादन गर्न जरुरी रहेकोमा जोड दिए।

सुकुम्वासी/अव्यवस्थित बसोवासीले जेठ ११ देखि काठमाडौं केन्द्रित कार्यक्रम गर्दै

बुटवल । नेपाल भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासी संरक्षण केन्द्रीय समितिको बैठक जेठ ८ गते बुटवलमा बसेर विभिन्न निर्णय गरेको छ।

बैठकले जेठ ११ गते ११ बजे माइतीघर मण्डलामा पत्रकार सम्मेलन गर्ने त्यसपछि लगातार चार दिनसम्म अर्थात जेठ १४ गतेसम्म काठमाडौं केन्द्रित गतिविधि गर्ने निर्णय गरेको केन्द्रीय समितिका पदाधिकारी तेजबहादुर कुँवर क्षेत्रीले जानकारी दिए। यसअघि जेठ ८ गते काठमाडौंमा पत्रकार सम्मेलन गर्ने भनिएको थियो।

यस्तै बैठकले जेठ १२ र १३ गते नेपाल सरकारलाई १२ सुत्रीय मागसहितको ज्ञापनपत्र बुझाउने र जेठ १४ गते ११ बजेदेखि प्रमुख राजनैतिक दलसंग भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीका माग र समस्याबारे अन्तरक्रिया गर्ने निर्णय गरेको क्षेत्रीले जानकारी दिए।

जेठ ३ गते बुटवलमा प्रदर्शन र ४ गते भएको राष्ट्रिय सम्मेलनले बुटवलका खगेन्द्र पौडेलको संयोजकत्वमा ७५ सदस्यीय नेपाल भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासी संरक्षण केन्द्रीय समिति गठन र सरकारलाई बुझाउने १२ बुँदे मागसहित कार्यपत्र पारित गरेको थियो।

राष्ट्रिय भेलाबाट देशभर भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीका बस्तीमाथि डोजर प्रयोग गरी गरिने जबर्जस्ती निष्कासन, घरटहरा भत्काउने तथा अमानवीय व्यवहार तत्काल बन्द गर्न माग गरिएको छ।

भूमि ऐन बमोजिम नाप-नक्सा सम्पन्न भइसकेका क्षेत्रहरूको बाँकी प्रशासनिक तथा कानुनी प्रक्रिया तत्काल पूरा गरी शीघ्र लालपुर्जा वितरण गर्न माग गरिएको छ।

यस्तै भूमि ऐनको व्यवस्था अनुसार भूमिहीन दलित सुकुम्वासीहरूलाई आवास तथा कृषि प्रयोजनका लागि आवश्यक जग्गाको लालपुर्जा पूर्णरूपमा निःशुल्क उपलब्ध गराउन माग गरिएको छ।

अव्यवस्थित बसोवासीहरूलाई भूमि ऐनले निर्धारण गरेको अधिकतम क्षेत्रफलभित्र रहने गरी आवास प्रयोजनका लागि मालपोतमा लाग्ने रजिस्ट्रेशन शुल्कबाट प्राप्त हुने राजस्वमा न्यून शुल्क लिई जग्गाधनी पुर्जा प्रदान गर्न, अव्यवस्थित बसोवासीहरूलाई भूमि ऐनले निर्धारण गरेको अधिकतम क्षेत्रफलभित्र रहने गरी कृषि प्रयोजनका लागि मालपोतमा लाग्ने रजिस्ट्रेशन शुल्कबाट प्राप्त हुने राजस्वमा न्यून शुल्क लिई जग्गाधनी पुर्जा उपलब्ध गराउन माग गरिएको छ।

यस्तै नेपालको संविधानको धारा ३७ मा उल्लेखित नागरिकको आवासको मौलिक अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन तथा सुनिश्चित गर्न तथा पूर्ववर्ती आयोगद्वारा नाप-नक्सा हुन बाँकी रहेका जग्गाहरूमा तत्काल नापी कार्य सम्पन्न गरी सम्बन्धित लाभग्राहीहरूलाई शीघ्र जग्गाधनी पुर्जा वितरण गर्न माग गरिएको छ।

पूर्ववर्ती आयोगहरूले भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीका पक्षमा गरेका अध्ययन, नाप-नक्सा, अभिलेखीकरण तथा अन्य कार्यहरूलाई निरन्तरता दिँदै कार्यान्वयन प्रक्रिया अगाडि बढाउन माग गरिएको छ।

यस्तै तिनाउ दानव करिडोर पीडितलगायत देशभरका यस्तै प्रकृतिका बस्तीलाई उचित क्षतिपूर्तिसहित उचित ठाउँमा व्यवस्थापन गर्न तथा मोतीपुर औद्योगिक क्षेत्र, दाङको महेन्द्र संस्कृत विश्वविद्यालयका पीडितलगायत यस्तै प्रकृतिका बस्तीका नागरिकलाई बिगतमा सरोकार निकायसँग भएको सहमतिअनुसार जग्गाधनी पुर्जा दिन माग गरिएको छ।

बाढी, पहिरो, डुबान तथा अन्य जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेका परिवारहरूलाई सुरक्षित, व्यवस्थित तथा सम्मानजनक वैकल्पिक उपयुक्त ठाउँमा जमिनसहित आवास उपलब्ध गराउन माग गरिएको छ।

भूमिहीन तथा सुकुम्वासी समुदायमाथि हुने दमन, गिरफ्तारी, धम्की, हिंसा तथा मानवअधिकार उल्लंघनका सम्पूर्ण कार्य तत्काल अन्त्य गरी उनीहरूको संवैधानिक तथा मानवीय अधिकारको पूर्ण संरक्षण गर्न राष्ट्रिय भेलाले माग गरेको छ।

भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको अधिकार सुनिश्चित हुने गरी वन ऐन र भूमि सम्बन्धी कानुनहरूबिच बाँझिने प्रावधान हटाई समन्वयात्मक र न्यायोचित कानुनी व्यवस्था अविलम्ब व्यवस्था गर्न माग गरिएको छ।

यस्तै ऐनमा सुकुम्वासी, भूमिहीन तथा अव्यवस्थित बसोवासीको बसोबास तथा पुनस्थापनासम्बन्धी व्यवस्थालाई थप दफाहरु राखेर स्पष्टरुपमा उल्लेख गर्न माग गरिएको छ।

जस अनुसार दफा १ मा नेपाल सरकार, सरकारी कार्यालय, सार्वजनिक संस्था, गुठी, वन क्षेत्र, मठ-मन्दिर, धार्मिक तथा सार्वजनिक प्रयोजनका लागि दर्ता रहेको जग्गा बाहेक अन्य जग्गामा लामो समयदेखि घरटहरा निर्माण गरी स्थायी रूपमा बसोबास गर्दै आएका सुकुम्वासी, भूमिहीन तथा अव्यवस्थित बसोवासीलाई एकपटकका लागि प्रचलित कानुन बमोजिम बसेकै स्थानमा जग्गा उपलब्ध गराई व्यवस्थित बसोबासको व्यवस्था गरिने बुँदा थप्न माग गरिएको छ।

उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि मानव बस्ती स्थापना भइसकेपछि नेपाल सरकार, कुनै सरकारी निकाय, सार्वजनिक संस्था, गैर सरकारी संघ-संस्था वा अन्य संगठित संस्थाको नाममा दर्ता वा स्वामित्व कायम गरिएको जग्गामा समेत, त्यस्तो बस्ती दीर्घकालदेखि स्थायी रूपमा कायम रहेको पुष्टि भएमा, प्रचलित कानुन बमोजिम आवश्यक मापदण्ड पूरा गरेका बसोबासीलाई जग्गाधनी प्रमाण-पुर्जा प्रदान गर्न बाधा पर्ने छैन भन्ने बुँदा उल्लेख गर्न माग गरिएको छ।

उपदफा १ बमोजिम बसोबास गरेको स्थान बाढी, पहिरो, भू-क्षय, डुबान वा अन्य प्राकृतिक तथा मानवीय जोखिमयुक्त क्षेत्र रहेको प्रमाणित भएमा त्यस्ता नागरिकलाई सोही स्थानीय तहभित्र वा आवश्यकतानुसार जिल्लाभित्र शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, यातायातलगायत आधारभूत सेवा तथा जीविकोपार्जनका सुविधा उपलब्ध हुने सुरक्षित स्थानमा व्यवस्थित पुनस्थापना को व्यवस्था गरिनेछ भन्ने बुँदा उल्लेख गर्न माग गरिएको छ।

पञ्चकन्या रूपन्देही सुपरलिगको उपाधि वेष्टर्न क्रिकेट क्लबलाई

भैरहवा। २४औं संस्करणको 'पञ्चकन्या रुपन्देही सुपरलिग'को उपाधि वेष्टर्न क्रिकेट क्लब, बुटवलले हात पारेको छ। शनिबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको फाइनल खेलमा लुम्बिनी खुकुरी क्लब, भैरहवालाई ४५ रनले पराजित गर्दै वेष्टर्नले चौथोपटक उपाधि जित्न सफल भएको हो। गत सिजनको सुपरलिग पनि वेष्टर्नले नै जितेको थियो। उपाधि विजेता वेष्टर्नले १ लाख १ रुपैयाँ र उपविजेतामा चित्त बुझाएको लुम्बिनी खुकुरीले ५० हजार १ रुपैयाँ प्राप्त गर्यो।

टस जितेर ब्याटिङमा आएको वेष्टर्नले निर्धारित ५० ओभरमा ४८ ओभर २ बल खेल्दै सबै विकेट गुमाएर १ सय ८२ रन बनायो। उसका लागि देव खनालले ३०, दीपेश रोक्काले २७, सन्देश थापाले २६, सुमित नेवारले २०, रन्जित खत्रीले १९, प्रज्जवल थापाले १४, कलम अली मुसलमानले १३, अभिशेष गौतम र सागर गैरेले समान १०-१० रन बनाए। बलिङमा लुम्बिनी खुकुरीका बैतुल्लाह खानले ३, अजयकुमार चौहान र शाह आलमले २-२ तथा शंकर राना र सुजन रानाभाटले १-१ विकेट लिए। जवाफी ब्याटिङमा आएको लुम्बिनी खुकुरी २४ ओभर ५ बलमा १ सय ३७ रन बनाउँदा अलआउट भयो। उसलाई सस्तैमा रोक्न वेष्टर्नका अभिशेष गौतमले ८ ओभर ५ बल बलिङ गर्दै २ मेर्डनसहित ३६ रन खर्चेर सर्वाधिक ७ विकेट लिए। यस्तै, सुझाव थापाले ३ विकेट हात पारे। खुकुरीका समीर अली मुसलमानले ६७ र शंकर रानाले ४७ रन बनाए पनि अन्य ब्याटर नचल्दा टीम उपाधि चुम्नबाट चुक्यो। अभिशेष गौतम म्यान अफ द फाइनल भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

प्रतियोगितामा वेष्टर्नका अभिशेष गौतम म्यान अफ द सिरिज भई १५ हजार रुपैयाँ प्राप्त गरे। यस्तै, मेलवर्न क्रिकेट एण्ड स्पोर्टिङ क्लबका विपिन आचार्य बेष्ट ब्याटर, मेलवर्नकै अशोक धामी बेष्ट बलर र वेष्टर्नका सुझाव थापा उदयीमान खेलाडी घोषित भए। उनीहरु तीनैजनाले जनही ५ हजार रुपैयाँ प्राप्त गरे। विजेता र उपविजेता टीमलाई आयोजक संस्था रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापा, सिद्धार्थनगर नगरपालिकाका उपप्रमुख उमा अधिकारी, नेपाल क्रिकेट संघका निवर्तमान कार्यबाहक सचिव प्रशान्तविक्रम मल्ल, सिद्धार्थ उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष विष्णुप्रसाद शर्मा, खेल संयोजक प्रथम पराजुली, संघका कोषाध्यक्ष निरजप्रताप खाँणलगायतले पुरस्कार प्रदान गरे।

विनियोजन विधेयकमाथिको छलफल सकियो

दाङ। लुम्बिनी प्रदेशसभामा आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफल सकिएको छ। शनिबार बसेको प्रदेशसभा बैठकमा भाग लिएका सदस्यहरुले कृषि, स्थानीय उत्पादन, उद्यम विकास, बजारीकरण र आत्मनिर्भरतामुखी कार्यक्रमलाई प्राथमिकतामा राखेर बजेट ल्याउन सरकारलाई सुझाव दिएका हुन्।

सदस्यहरुले प्रदेश सरकारले ल्याउने बजेट कार्यान्वयन योग्य, परिणाममुखी र नागरिकमा आशा तथा भरोसा जगाउने खालको हुनुपर्ने धारणा राखेका थिए। युवाहरुलाई लक्षित गरी रोजगारी सिर्जना, सीप विकास र उद्यमशीलता प्रवर्द्धनका कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा समेत उनीहरुले जोड दिएका छन्।

लुम्बिनी प्रदेशसभा नियमावली, २०७९ को नियम १३५ को उपनियम (३) बमोजिम लुम्बिनी प्रदेश सरकारको विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता माथि छलफल सञ्चालन गरिएको थियो। सभामुखले छलफलका लागि तीन घण्टा अर्थात् १८० मिनेटको समय निर्धारण गरेका थिए।

विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा प्रदेश सभा सदस्यहरु दिपेन्द्र कुमार पुन, यमुना रोका तामाङ, तुल्सीराम शर्मा, कृष्णा कुश्मा थारु, रेखा शर्मा, धनबहादुर केसी, इन्द्राकुमारी गहतराज, नवराज लामिछाने, राजकुमार चौधरी र तुलसी प्रसाद चौधरीले सहभागिता जनाएका थिए। बैठकको प्रारम्भमा शून्य समयमा सदस्यहरुले विभिन्न समसामयिक विषयमा आफ्ना धारणा राखेका थिए। शून्य समयमा प्रदेश सभा सदस्य राजुप्रसाद श्रेष्ठ, तारा थापा, मालती सोडारी, भगवती अधिकारी, बसन्ती न्यौपाने, नरमाया ढकाल, सुशीला वादी र मीनाकुमारी श्रेष्ठले बोलेका थिए। प्रदेशसभाको अर्को बैठक जेठ १० गते आइतबार दिउँसो १ बजे बस्ने तय गरिएको छ।

चिदिका-रूपन्देही सम्पर्क समाजद्वारा विद्यार्थीलाई शैक्षिक सामग्री

बुटवल । चिदिका-रुपन्देही सम्पर्क समाजले अर्घाखाँचीको छत्रदेव गाउँपालिका-१ स्थित जनकल्याण आधारभूत विद्यालय र ईश्वरी आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ। समाजले विद्यार्थीको पठनपाठनमा सहयोग पुग्ने उद्देश्यले स्कुल व्याग, कापी, कलमलगायतका सामग्री हस्तान्तरण गरेको हो।

कार्यक्रममा समाजकी अध्यक्ष गीता ज्ञवालीले ग्रामीण क्षेत्रका विद्यार्थीलाई शिक्षातर्फ थप प्रेरित गर्न सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गरिएको बताइन्। उनले आगामी दिनमा पनि शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रमा समाजले सहयोग निरन्तर जारी राख्ने प्रतिबद्धता व्यक्त गरिन्। छत्रदेव गाउँपालिका-१ का वडाध्यक्ष काजीबाबु ज्ञवालीले समुदायको सक्रियतालै विद्यालयको शैक्षिक वातावरण सुधारमा टेवा पुग्ने बताए। उनले यस्ता कार्यक्रमले विद्यार्थीमा उत्साह थप्ने उल्लेख गरे।

विद्यालय सञ्चालक समितिका अध्यक्ष मेघबहादुर ज्ञवालीले विद्यालयका विद्यार्थीलाई आवश्यक सामग्री उपलब्ध गराउनु सकारात्मक कार्य भएको बताउँदै सहयोगी सबैप्रति आभार व्यक्त गरे। विद्यालयका प्रधानाध्यापक प्रविण अधिकारीले विपन्न परिवारका विद्यार्थीलाई यस्ता सहयोग प्रभावकारी हुने बताए।

त्यसैगरी जनकल्याण आधारभूत विद्यालयका प्रधानाध्यापक केशव ज्ञवालीले विद्यार्थीलाई शैक्षिक सामग्री अभाव हुन नदिन समाजले गरेको पहल प्रशंसनीय रहेको बताए। पूर्व वडाध्यक्ष प्रकाश पन्थीले सामाजिक एकताबाट शिक्षा क्षेत्रमा सकारात्मक परिवर्तन सम्भव हुने धारणा राखे।

कार्यक्रममा वडा सदस्य हरि पाण्डे र देवकला बिक, समाजका उपाध्यक्ष कमल अर्याल, संस्थापक कोषाध्यक्ष रामप्रसाद पन्थीलगायतले पनि विद्यार्थीको शैक्षिक विकासमा सबै पक्षको सहकार्य आवश्यक रहेको जनाए।

कार्यक्रम सफल बनाउन सुधन ज्ञवाली, भुवन ज्ञवाली, हरिप्रसाद ज्ञवाली तथा बुटवल हिलपार्कले सहयोग गरेका थिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com